म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७१ बिहीबार, २२ माघ २०८२ ने. सं. ११४६ सिल्लागा 5 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

# ईन्द्रसरोवर पनि सामाजिक सुरक्षा कोषमा आबद्ध

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका अनौपचारिकक्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराइने भएको छ ।

ईन्द्रसरोवर गाउँपालिका र सामाजिक सुरक्षा कोषबीच पालिकाभित्रका स्वरोजगारमा रहेका व्यक्ति र अनौपचारिक (कृषि) क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउने गरी सम्झौता गरिएको हो । यो सम्झौतासँगै पालिकामा अनौपचारिक क्षेत्र (कृषि) क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम पालिकामा कार्यान्वयन हुने गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिए । उनले यो कार्यक्रम कार्यान्वयन गर्न पालिकाले चालु आवमा सात लाख रुपैयाँ बजेट विनियोजन गरेको बताए ।




गाउँपालिकाको रोजगार सेवाकेन्द्रका रोजगार संयोजक नानीमाया घलानले चालु आर्थिक वर्षमा ५० जनालाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध गराउने योजना रहेको बताइन् । संयोजक घलानले भनिन्, 'चालु आर्थिक वर्षमा अनौपचारिक क्षेत्र (कृषि) क्षेत्रमा रहेका श्रमिकलाई प्राथमिकतामा राखेका छौं आगामी आर्थिक वर्षमा अन्य क्षेत्रलाई क्रमशः समेट्दै जाने नीति छ ।' नेपाल सरकारले तोकेको न्यूनतम आधार भूत पारिश्रमिकको सम्बन्धित श्रमिकको ११ प्रतिशत र अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको तर्फबाट गाउँपालिकाले ९.३७ प्रतिशत थप गरी २०.३७ प्रतिशत रकम मासिकरुपमा कोषमा योगदान गर्नुपर्ने हुन्छ ।

सरकारले न्यूनतम आधारभूत पारिश्रमिक हाल १२ हजार १७० रुपैयाँ तोकेको छ । यो रकममा अनौपचारिक क्षेत्रका श्रमिकको एक हजार ३३८ रुपैयाँ ७० पैसा र गाउँपालिकाको तर्फबाट एक हजार १४० रुपैयाँ ३३ पैसा गरी कूल दुई हजार ४७९ रुपैयाँ तीन पैसा मासिकरुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिने छ । कोषमा योगदानपछि कोषबाट सञ्चालित विभिन्न योजनामा श्रमिक सहभागी हुन पाउने छन् । पालिकाले कार्यक्रममा सहभागी हुन आवेदन माग गर्दै एक घर परिवारको एकजनाले मात्र आवेदन दिन पाउने व्यवस्था गरेको छ ।

पालिकाका संयोजक घलानले वडाको सिफारिशसहितको आवेदन आएपछि छनोट समितिले आवश्यक रुजु गरी सूचीकृत श्रमिकको अन्तिम नामावली प्रकाशित गरिने बताइन् । विश्वमा सामाजिक सुरक्षा प्रणाली सर्वप्रथम जर्मनबाट प्रारम्भ भएको हो । सन् १८८० देखि सन् १८८९ को बीचमा जर्मनीका चान्सलर विस्मार्कले विभिन्न प्रकारका सामाजिक वीमाका रुपमा सामाजिक सुरक्षा प्रणाली सुरु गरेका थिए । जसअन्तर्गत अनिवार्य दुर्घटना वीमा योजना, विरामी योजना, चोटपटक र बृद्धावस्था बीमा रहेको थियो ।

नेपालमा वि.सं. १९९१ मा सैनिकका लागि सैनिक द्रव्यकोषको स्थापनाबाट सुरु भएको सामाजिक सुरक्षाको विकासक्रम वि.सं. २०१९ मा कर्मचारी संचयकोषको स्थापना हुँदै २०४७ मा नागरिक लगानी कोषको स्थापना, वि.सं. २०४८ र २०४९ सालमा श्रम ऐन र श्रम नियमावलीको व्यवस्था भई २०६६ सालमा नियमित रोजगारीमा संलग्न श्रमिकहरुबाट सामाजिक सुरक्षा कर संकलन गर्ने व्यवस्था प्रारम्भ भएको र २०७४ सालमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भई नियमावली तथा सामाजिक सुरक्षा कोष कार्यविधि कार्यान्वयन प्रक्रियामा आएको छ ।

नेपालका सवै प्रकृतिका काममा संलग्न श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको सुरुवात भएको छ । सामाजिक सुरक्षा कोषको रेखदेख, संचालन र व्यवस्थापनका लागि सरकारले सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधि रहेको त्रिपक्षीय सामाजिक सुरक्षा कोष सञ्चालन समिति गठन गर्ने व्यवस्था ऐनमा गरेको छ र सम्बन्धित मन्त्रालयको सिफारिशमा सरकारले सामाजिक सुरक्षा कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्ने, निर्देशन दिने र मुद्दा परेमा वादीको रुपमा प्रस्तुत हुने र कुनै कारणले सामाजिक सुरक्षा योजनामा सहभागी योगदानकर्तालाई सामाजिक सुरक्षा योजना बमोजिमको सुविधा उपलव्ध गराउन कोषमा भएको रकम अपर्याप्त भएमा सामाजिक सुरक्षा योजनालाई निरन्तरता दिने दायित्व हुने व्यवस्था रहेको छ ।

# नेपथ्यको कन्सर्टमा रिपोर्टिङमा गएका मिडियाकर्मीलाई प्रवेश निषेध




साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब एक महिना भन्दा कम समय बाँकी रहेको छ । यो अवस्थामा बुधबार साँझ हेटौंडामा राष्ट्रिय सांगीतिक समूह नेपथ्यको कन्सर्ट भएको छ ।

रमाइलो इभेन्टस् हेटौंडाको आयोजनामा नेपथ्यले कन्सर्टको आयोजना गरेको हो । हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको मैदानमा कन्सर्ट भएको हो । निर्वाचन आचारसंहिताविरुद्ध हेटौंडामा नेपथ्यको कन्सर्ट आयोजना गरिएको भन्दै सर्वसाधारणले यसको विरोध जनाएका छन् । नगर खेलकुद विकास समितिका सदस्य विजय गौतमले आचारसंहिता मिच्दै हेटौंडामा कन्सर्टको आयोजना गरेको भन्दै सामाजिक सञ्जालमार्फत् आपत्ति जनाएका छन् । 'आचार संहिता लाग्दैन ? कस्ले दियो अनुमति हेटौंडामा नेपथ्य ब्यान्डको कार्यक्रम गर्न ?' उनले लेखेका छन्, 'कार्यक्रमस्थलमा किन लाग्यो राजनीतिक नारा ? कतै घुसपैठ त भएको होइन ?'

मकवानपुर जिल्ला खेलकुद विकास समितिले पत्रकार सम्मेलनमार्फत् खेलकुद तथा व्यापार महोत्सवको मिति घोषणा गर्दै आवश्यक तयारी अघि बढाएपनि प्रशासनले त्यसलाई भने रोकेको थियो । प्रहरी प्रशासनसँगको मिलेमतोमा निर्वाचन आउन एक महिना बाँकी भएको अवस्थामा नेपथ्यलाई कन्सर्ट गर्न दिइएको भन्दै सर्वसाधारणले विरोध जनाएका हुन् । यस विषयमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले निर्वाचन आचारसंहिताले मेला महोत्सव गर्न नरोक्ने बताए । 'स्थानीय तहले अनुमति दिने र हामीले सुरक्षा दिने हो', उनले भने, 'कन्सर्टमा आचारसंहिताविरुद्धको काम भयो भने आयोजकलाई कार बाही हुनेछ ।'

नेपथ्यले यहाँ मात्र नभई अन्य जिल्लामा समेत यसपछि कन्सर्टको आयोजना गर्न लागेको प्रजिअ अधिकारीले बताए । आचार संहिता उल्लंघन नगर्ने सहमतिमा अनुमति दिइएको उनको भनाई छ । यस विषयमा प्रतिक्रिया लिन प्रदेश निर्वाचन कार्यालय प्रमुख हरिप्रसाद ढकालको मोवाइलमा सम्पर्क गर्दा उनले फोन उठाएनन् । मकवानपुरका प्रहरी प्रमुख श्यामबहादुर खत्रीले आफूले जिल्लाको कमाण्ड सम्हाल्नु अघि नै आयोजकले कन्सर्टको तयारी गरिसकेकोले यस विषयमा केही जानकारी नभएको प्रतिक्रिया दिए ।

कन्सर्टमा ८ हजार भन्दा बढी मानिसको सहभागिता रहेको दावी गरिएको छ । आयोजकले टिकटको मूल्य समेत अधिक राखेको थियो । सामान्यतर्फ १५ सय रुपैयाँ र भिआइपीका लागि ४ हजार रुपैयाँ शुल्क लिएको हो । कुनै एउटा विशेष उद्देश्यमा मात्र कन्सर्टका लागि तयार हुने नेपथ्य ब्याण्ड यो पटक भने उद्देश्य बेगर नै कन्सर्टका लागि तयार भएको हो ।

**मिडियालाई प्रवेश निषेध**

कन्सर्टको रिपोर्टिङका लागि गएका मकवानपुरका पत्रकारलाई कार्यक्रमस्थलमा छिर्न दिइएन । कन्सर्टको विषयमा जानकारी दिन पत्रकार गुहारेका आयोजकले रिपोर्टिङमा भने रोक लगाएको हो । रिपोर्टिङमा गएकाहरु त्यसै फर्किएका छन् ।

स्थानीय आयोजकले पत्रकारका लागि १५ वटा टिकट उपलब्ध गराएको भन्दै नेपथ्य समूहका व्यवस्थापन सदस्य सुमन बास्तोलाले जानकारी दिएपनि पास प्राप्त नभएको महासंघ मकवानपुरले जनाएको छ । 'पत्रकार जाँदा महासंघलाई १५ वटा पास दिएको भनेर बद्नाम गर्ने कार्य गरियो', पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले भने, 'आयोजकले हाम्रो कार्यक्रमको रिपोर्टिङ गर्न पर्दैन, पत्रकारलाई प्रवेश निषेध गरिएको छ भनेर भन्न पाइयो । तर, महासंघलाई पास दिएको भन्दै हाम्रो गरिमामा हिलो छ्याप्ने कार्य भयो ।'

प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारीले आयोजकले पत्रकारलाई बद्नाम गर्ने काम गरेको प्रतिक्रिया दिए । 'प्रचार चाहिँदा पत्रकार सम्मेलन भन्दै पत्रकार गुहार्ने अनि कन्सर्टको रिपोर्टिङमा गएका सञ्चारकर्मीलाई भित्र छिर्न नदिनु आयोजकको गम्भीर भुल हो', प्रेस युनियन मकवानपुर अध्यक्ष बिडारीले भने, 'रमाइलो इभेन्ट्सको नाममा जिल्लामा हुने यस्ता कार्यक्रमको विषयमा अब पत्रकारहरुले सोच्नुपर्ने भएको छ ।'

# नमुना सडकबाट उत्तरपानी, कालापानीका स्थानीय लाभान्वित

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ हेटौंडा उपमहानगरपालिका-१४ मा नगरकै नमुना सडक निमार्ण भएसँगै त्यसक्षेत्रका स्थानीयबासीलाई सहज भएको छ ।

वर्षायाममा आवातजावतमा समस्या हुने गरेको यस सडकमा अहिले आवातजावत सहज भएको छ । विशेष गरी यस सडकबाट उत्तर पानी, कालापानीका स्थानीय बासिन्दा बढी लाभान्वित भएका छन् । बागमती प्रदेश सरकारको समपुरक बजेट मार्फत निर्माण भएको यो सडकको चौडाई १२ मिटर रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा यस सडकको लागि ३ करोड बजेट विनियोजन भएकोमा १ करोड ९१ लाखमा ठेक्का सम्झौता भई निर्माणकार्य सम्पन्न भएको १४ नं. वडाअध्यक्ष दीपक खड्काले बताए ।

उनका अनुसार यस सडकलाई नमुना सडक बनाउने योजनासहित रुख रोप्नका लागि बजेट छुट्याइएको छ । १४ नं. वडा कार्यसम्पादनको हिसाबले नगरकै सफल वडा रहेको बताउँदै उनले जनताको चाहना र आवश्यकता अनुसार नै वडाले काम गरिरहेको दाबी गरे । अध्यक्ष खड्काले कुखरेनी खोलामा पुल निर्माणको लागि टेण्डर प्रक्रियामा गइसकेको जानकारी दिए । यो सडकको दायाँवायाँको जग्गा प्रस्ताबित मयुरधाप औद्योगीक क्षेत्रको नाममा गइसकेको छ । यो सडक संजाल निर्माणसँगै औद्योगिक क्षेत्रको लागि समेत सहज हुनेछ ।

# माघ २६ देखि मकवानपुर गढीमा एचपिभी खोप



साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ पाठेघरको मुखको क्यान्सरबाट किशोरीलाई जोगाउने उद्देश्यले राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत मकवानपुरगढी गाउँपालिकामा १९३ जना छात्रालाई एचपिभी खोप लगाइने भएको छ ।

गाउँपालिकास्तरीय खोप समन्वय समितिले बुधबार अभिमुखीकरण कार्यक्रम आयोजना गर्दै खोप अभियान सञ्चालनबारे जानकारी गराएको हो । कार्यक्रम समन्वय समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको अध्यक्षतामा सम्पन्न भएको हो । अध्यक्ष स्याङ्तानले रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिन खोप अत्यन्तै आवश्यक भएको बताए । पाठेघरको क्यान्सर जस्तो जटिल रोगको जोखिम न्यूनीकरण गर्न विद्यालयमै सहज वातावरण बनाएर खोप कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्न निर्देशन दिए ।

स्वास्थ्य शाखाप्रमुख ध्रुवप्रसाद लामिछानेका अनुसार यसवर्ष पालिकाभित्र १९३ जना किशोरीलाई खोप दिइनेछ । जसमा गतवर्ष छुटेका ९ जना र विद्यालय बाहिर रहेका २ जना किशोरी पनि समेटिएका छन् । वडागत विवरण अनुसार वडा नं. १ मा १९ जना, वडा नं. २ मा ४५ जना, वडा नं. ३ मा २२ जना, वडा नं. ४ मा ८ जना, वडा नं. ५ मा ३२ जना, वडा नं. ६ मा २८ जना, वडा नं. ७ मा २५ जना र वडा नं. ८ मा १२ जना छात्रालाई खोप लगाइनेछ । माघ २६ देखि २८ गतेसम्म सञ्चालन हुने खोप कार्यक्रमअन्तर्गत १६ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालयका कक्षा ६ मा अध्ययनरत छात्रालाई खोप दिइने स्वास्थ्य शाखाले जनाएको छ ।

अभियानमा छुटेका छात्रालाई फागुन ८ देखि १० गतेसम्म हुने नियमित खोप कार्यक्रममा समावेश गरिनेछ । गतवर्ष गाउँपालिकाभित्र कक्षा ६ देखि १० सम्म अध्ययनरत २ हजार ४५ जना किशोरीलाई एचपिभी खोप लगाइएको थियो । तीमध्ये कक्षा ६ का मात्रै २२४ जना रहेको स्वास्थ्य शाखाले जनाएको छ । अभिमुखीकरण कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत ई. सुधन लामिछाने, विभिन्न वडाध्यक्ष, स्वास्थ्यचौकी प्रमुख, शाखाप्रमुख तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

# मकवानपुरका उम्मेदवारहरुले खोलेनन् छुट्टै बैंक खाता

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ मकवानपुरका दुई निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएका उम्मेदवारले मंगलबारसम्म निर्वाचन प्रयोजनका लागि छुट्टै बैंक खाता खोलेका छैनन् ।

निर्वाचन आचार संहिताअनुसार निर्वाचन प्रयोजनार्थ छुट्टै बैंक खाता खोल्नुपर्ने भएपनि हालसम्म कसैले नखोलेकोप्रति निर्वाचन अधिकृतको कार्यालय र आचारसंहिता अनुगमन समितिले चासो देखाएको छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार दल र स्वतन्त्रबाट मकवानपुरमा ४४ जनाले उम्मेदवारी दिएका छन् । तर, हालसम्म कुनैपनि उम्मेदवारले छुट्टै बैंक खाता नखोलेको बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले बताए । 'निर्वाचन प्रयोजनका लागि खाता खोल्न निर्वाचन कार्यालयको सिफारिस चाहिन्छ, अहिलेसम्म कसैले पनि सिफारिस लिएका छैनन्,' उनले भने ।

मकवानपुर-१ मा राजनीतिक दलबाट १३ र स्वतन्त्र १० गरी २३ जनाले उम्मेदवारी दिएका छन् । यसैगरी, मकवानपुर-२ मा राजनीतिक दलबाट १६ र पाँच स्वतन्त्रगरी २१ जनाले उम्मेदवारी दिएका छन् । निर्वाचन आयोगले उम्मेदवारले गर्ने सम्पूर्ण आम्दानी तथा खर्च पारदर्शी बनाउन निर्वाचन प्रयोजनका लागि अनिवार्यरुपमा नयाँ बैंक खाता खोल्नुपर्ने व्यवस्था गरेको छ । यो खाताबाट मात्रै निर्वाचनसम्बन्धी सबै आर्थिक कारोबार गर्नुपर्ने व्यवस्था गरेको छ । छुट्टै खाताले खर्च पारदर्शी हुने, आयोगले तोकेको खर्चको सीमा उल्लंघन नहुने भएकाले सबै उम्मेदवारलाई नयाँ खाता अनिवार्य रुपमा खोल्न भनिएको मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले बताइन् ।

छुट्टै खाता नखोल्ने र खर्चको विवरण सार्वजनिक नगर्ने उम्मेदवारलाई स्पष्टिकरण सोधिने, एक लाख रुपैयाँसम्म जरिवाना वा उम्मेदवारी खारेजीसम्मको कारबाही गर्न सक्ने अधिकार निर्वाचन अधिकृतलाई रहेको छ ।

आचारसंहिता उल्लंघन भएको ठहर भएमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिमको कारबाही हुने निर्वाचन कार्यालयका प्रमुख ढकालले बताए ।



साझाकुरा

## हाम्रो कुरा

# लङ्गडो संघीयता

स्थानीय तह वा सो सरह पनि अधिकार प्राप्त गर्न नसकेको प्रदेश सरकार यतिबेला लङ्गडो सरकारका रुपमा देखिएको छ । सबै काममा संघ सरकारकै भर पर्नुपर्ने अवस्थाका कारण प्रदेश सरकारको औचित्यमा पनि प्रश्न उठिरहेको छ । संघ, प्रदेश र स्थानीय सरकारले निर्माण गरेका कानूनबीच एकरुपता नदेखिएको राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले निष्कर्ष निकालेको छ । मंगलवार बसेको समितिको बैठकले यस्तो निष्कर्ष निकालेको हो । समितिले यसअघि सुदूरपश्चिम र वागमती प्रदेश तथा त्यहाँका स्थानीय तहमा कानून निर्माण र कार्यान्वयनबारे अध्ययन गरेको थियो । प्रदेश र स्थानीय तहमा कानून निर्माणको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदनको मस्यौदामाथिको छलफलमा यस्तो निष्कर्ष निस्केको समिति सभापति तुलसाकुमारी दाहालले बताएकी छन् । प्रदेश तथा स्थानीय तहमा कानून निर्माणको प्रक्रिया, एकलअधिकार सूचीअन्तर्गतका विषयवस्तु, प्रदेशसभा, गाउँसभा र नगरसभाले विधेयक पारित गर्ने प्रक्रियाबारे अध्ययन गरिएको उल्लेख गरिन् । अध्ययनका क्रममा केही स्थानीय तहले नमूनाकारुपमा कानून निर्माण गरेको पाइए पनि कतिपय आवश्यक कानून अझै निर्माण हुन बाँकी रहेको देखिएको छ । संघ र प्रदेश सरकारले निर्माण गरेका कानूनबीच एकरुपता देखिएको छैन । प्रतिवेदनलाई पूर्णता दिएर राष्ट्रियसभामा बहसको माग गर्ने बताइएको छ ।

प्रदेश तथा स्थानीय तहमा कानून निर्माणको प्रक्रिया के भइरहेको छ ? एकलअधिकार सूचिका विषयवस्तु, प्रक्रियागत कुराहरु प्रदेशसभा, गाउँसभा र नगर सभाले कसरी पारित गऱ्यो, प्रदेशसभाले विधेयक निर्माण कसरी गर्नुभयो ? भनेर अनुभवको आदानप्रदान गरेको र यो कार्य सुदूरपश्चिम प्रदेश तथा त्यहाँका तीनवटा पालिकामा र बागमती प्रदेशको साथै दुईवटा पाालिकामा गरेको बताइएको छ । समितिको बैठकमा त्यही अध्ययन प्रतिवेदनको मस्यौदा प्रतिवेदनमाथि छलफल गरिएको हो । सांसदहरुले प्रतिवेदन निर्माणको लागि सुझावहरु दिएका छन् त्यो सुझावसहित प्रतिवेदनलाई पूर्णता दिएर राष्ट्रियसभामा छलफलको माग गर्ने तयारी छ । तीन तहको सरकारबीचको अन्तरसम्बन्ध कानून निर्माणको प्रक्रियामा के भइरहेको छ ? उनीहरुले कसरी कानून निर्माण गरिरहेका छन् ? हाम्रो अध्ययनबाट नमूनाको रुपमा कानून निर्माण गरेको देखियो । कतिपय कानूनहरु बन्न बाँकी रहेको तथा बनेका कानूनमा संघ र प्रदेश सरकारले निर्माण गरेका कानूनबीच एकरुपता देखिएन । स्थानीय तहमा कानून निर्माण गर्न कानूनी अधिकृतको दरबन्दी नै सिर्जना गरेर जानुपर्ने अवस्था छ । संघ सरकारले आवश्यक कानून निर्माण नगर्दा प्रदेश र स्थानीय तहलाई काम गर्न गाह्रो भएको अवस्था रहेको बताइएको छ । नेपाली काँग्रेसका सांसद कृष्णप्रसाद सिटौलाले प्रदेश सरकारहरुले आफ्नो अधिकारअनुसार कानून निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गर्ने क्षमता देखाउन नसकेको बताएका छन् ।

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको बैठकमा प्रदेश सरकार संघ सरकारकै भरपर्ने प्रवृत्तिको कारण संविधानले दिएको एकलअधिकारको प्रयोग गर्न नसकेको सिटौलाको भनाइ छ । उनले संघीय सरकारले संघीयताको मर्म र भावनाअनुसार काम गर्न नसकेको बताए । उनले साझा अधिकारको प्रयोगमा समस्या देखिनु स्वभाविकै भएपनि एकलअधिकारको प्रयोगमा समेत प्रदेश सरकारले अपेक्षित क्षमता देखाउन नसक्नु दु:खद् भएको बताए । संघीयताको मर्म र भावनाबमोजिम विगतमा संघीय सरकारले काम गर्न नसकेकै हो । जुनसुकै सरकार भएपनि त्यसअनुरुप काम गर्न सकेन । मूल समस्या यही हो । प्रदेश सरकारसमेत केन्द्रकै भरपर्ने भएका छन् । स्थानीय तहले केही गर्न खोजेको देखियो तर, त्यसमा पनि सीप पुगेको देखिदैन । संघीयता मर्मबमोजिम प्रदेश सरकारले पनि अफ्नो अधिकार प्रयोग गर्नै सकेनन् । आफ्नो अधिकारबमोजिम कानून बनाउने र त्यसलाई लागू गर्ने क्षमता उनीहरुले राख्नै सकेनन् । संविधानले अनुसूचीमा जति अधिकारको बाँडफाँड गरेको छ । साझा अधिकारको सन्दर्भमा एक्लै जान नसक्दा समस्या भएपनि एकलअधिकार प्रयोग गर्न प्रदेश सरकारले आफ्नो क्षमता प्रकट गरेको भए हुन्थ्यो । स्थानीय तहलाई कानून निर्माण गर्नको लागि माथिबाट एउटा निर्देशन नै चाहिन्छ । स्थानीय तहहरुले केही काम गर्न खोजेको देखिए पनि कानून निर्माणका लागि अझै पनि केन्द्रबाट निर्देशन दिनुपर्ने अवस्थाको अन्त्य नभएको भनाइ छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २३ गते शुक्रबार ६ फेब्रुअरी २०२६ । पञ्चमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:५० सूर्यास्त ५:४६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# आम निर्वाचन र जनताको मनोवृत्ति



✍किरण कार्की

नेपालको राजनीतिक इतिहासमा आम निर्वाचनहरूको शृंखला निकै चाखलाग्दो रहेको छ । प्राकृतिक स्रोतसाधनले सम्पन्न, साथै यहाँको प्राकृतिक सुन्दरता, भौगोलिक, सामाजिक, धार्मिक र सांस्कृतिक विविधतालाई आर्थिक उपार्जनमा जोड्न सके देश कायापलट हुने प्रशस्त सम्भावना हुँदाहुँदै पनि जनता अझै गरिबीको चपेटामा पर्नु विडम्बनापूर्ण यथार्थ हो । यहाँको राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा परिवर्तन ल्याउन समयक्रमसँगै थुप्रै आन्दोलनहरू भए । अत्याचारी र निरंकुश शासकहरू हटाइए, जनप्रतिनिधिहरू छानिए तापनि देश अझै अन्योलको भुमरीभित्र रहेको छ । आफूले चुनेका जनप्रतिनिधिहरू लामो समयसम्म शासक बनेर भ्रष्टाचार, नातावाद र कृपावादमै व्यस्त रहँदा जनताको मनोबल कमजोर बनेको अवस्थामा जेन जी पुस्ताले गरेको विद्रोहले नेपालको राजनीतिक इतिहासमा ठुलो तहल्का मच्चाएको छ । हाल चुनावी सर गर्मी पनि बढेर गएको छ भने त्यसपछि बन्ने सरकारले देशलाई समृद्धिको बाटोमा डोऱ्याउने आशा राख्दै आफ्नो भविष्यको बाटो तय गर्न जनता आतुर देखिएका छन् ।

नेपालमा राजनीतिक दलहरूको उदय र विकास मुख्यतया प्रजातन्त्र, निरंकुशता र गणतन्त्रसँग जोडिएको छ । करिब १०४ वर्ष लामो जहानियाँ राणा शासन (वि.सं. १९०३-२००७) कालमा राजनीतिक दलहरू खोल्न पूर्ण प्रतिबन्ध लगाइएको थियो । जनताहरू आफ्ना मौलिक हक र अधिकारबाट वञ्चित भएकोले उनीहरूभित्रको प्रजातान्त्रिक चाहना गुप्तमै राखेर विद्रोहको लागि उपयुक्त समय पर्खेर बसिरहेका थिए । संगठन निर्माण र विद्रोहको लागि मानिसहरूले धेरै प्रयास गरे तापनि उनीहरू असफल भएका थिए । अन्तत: राणाहरूको अत्याचारको विरोध गर्न र प्रजातन्त्र स्थापना गर्न भनी टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठ मिलेर वि.सं. १९९३ सालमा 'नेपाल प्रजा परिषद्' गठन गरेका थिए । यो नेपालकै पहिलो संगठित राजनीतिक दल थियो ।

त्यसैगरी वि.सं. २००३ सालदेखि विभिन्न नामबाट सुरु भएको पार्टी बीपी कोइराला, गणेशमान सिंहजस्ता नेताहरूको नेतृत्वमा वि.सं. २००६ सालमा नेपाली कांग्रेस नामाकरण गरियो भने सोही साल पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरियो । त्यसपछि पार्टीहरूले आफ्ना राजनीतिक तथा प्रजातान्त्रिक गतिविधिहरू भित्रभित्रै बढाइरहेका थिए र मानिसहरूलाई संगठित पार्दै गए । राणा शासकहरू अत्याचारी थिए र उनीहरू विलासिताको जीवन बिताउन तथा आफ्नै स्वार्थ पूरा गर्नमा व्यस्त रहेकाले जनतामाझ अलोकप्रिय बन्दै गए । राणा प्रधानमन्त्री मोहन शमशेरले राजा त्रिभुवनलाई नाममात्रको शासक बनाएका थिए । त्यसकारण राजा त्रिभुवनको राणाहरूसँग दूरी बढ्दै गएको थियो ।

नेपाली जनताले राणाहरूको विरुद्धमा गरेको आन्दोलनलाई राजा त्रिभुवनले समर्थन गरेर निर्णायक भूमिका खेलेका थिए । यसलाई नेपाली इतिहासमा राजाको ऐतिहासिक कदम मान्नुपर्दछ । जनताहरू राणा सरकारको विरुद्धमा जुरमुराउँदै आफ्नो ज्यानको बाजी ठोकेर सडकमा आएको बेलामा राजा आफ्नो परिवारसहित दिल्ली पुगेर नेपाली कांग्रेस र प्रजातान्त्रिक पक्षधर शक्तिहरूलाई समर्थन गर्नाले राणाहरू नैतिक दबाबमा परेका थिए । यसले आन्दोलनलाई अन्तर्राष्ट्रिय मान्यता र बल दिएको थियो । वि.सं. २००७ सालमा प्रजातन्त्रको लागि क्रान्ति भयो । क्रान्ति सफल पनि भयो । धेरैले शहादत प्राप्त गरे । यस क्रान्तिले राणा शासनको अन्त्य गरी प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको स्थापना गरह्यो । नेपालमा पहिलो आम निर्वाचन वि.सं. २०१५ सालमा भएको थियो । यो चुनाव राजा महेन्द्रको शासनकालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअनुसारै गरिएको थियो । यस निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याएको थियो । बीपी कोइराला पहिलो निर्वाचित प्रधानमन्त्री बने । देशमा बहुदलीय प्रजातन्त्रको प्राप्तिसँगै राजनीतिक गतिविधिहरू पनि तीव्र गतिमा अघि बढ्दै गए ।

एकातिर सरकारले जनताको मन जित्न र देशलाई विकासको अग्रगतिमा डोऱ्याउन सकेन । उनीहरू आफ्नै स्वार्थ पूरा गर्न व्यस्त रहनुका साथै जनताको जीवनस्तरमा परिवर्तन ल्याउने कुनै छाँटकाँट देखाएनन् भने अर्कोतिर राजा महेन्द्रमा सत्ता महत्त्वाकांक्षा बढ्दै गएकाले यसै कुराको मौका छोपी वि.सं. २०१७ सालमा राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको सुरुवात गरे । यस काण्डपछि सबै दलहरू भूमिगत भए । यसरी झन्डै ३० वर्षसम्म निरंकुश पञ्चायती व्यवस्था कायम रह्यो । नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी र अन्य थुप्रै साना पार्टीहरूले भित्रभित्रै जनतालाई आफ्ना अधिकारबारे सुसूचित गर्दै र संगठित गर्दै आफ्नो संगठन विस्तार गर्ने काम निरन्तर अगाडि बढाइरहेका थिए ।

पञ्चायती सरकारले जनताका अभिव्यक्ति स्वतन्त्रता सीमित गर्न थालेको, पाठ्यक्रम र परीक्षा प्रणाली अव्यवस्थित हुँदै गएको, विद्यार्थी युनियनहरू बन्द गरिएकोले विद्यार्थीहरूलाई प्रत्यक्ष असर परेकाले वि.सं. २०३६ सालमा विद्यार्थी आन्दोलन भयो । विद्यार्थीहरूको दबाबका कारण राजा वीरेन्द्र शाहले जनताले बहुदल वा निर्दलीय के व्यवस्था चाहन्छन् भनी जनमतसंग्रह पनि गराए तर पञ्चायतको पक्षमा नै बहुमत आयो । यसको दश वर्षपछि फेरि वि.सं. २०४६ सालमा जनआन्दोलन भयो । यस जनआन्दोलनले ३० वर्ष लामो पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्रको पुनर्बहाली गरिदियो ।

त्यसपछि मात्र राजनीतिक दल खोल्न, गतिविधि गर्न र चुनावमा भाग लिन पाउने अधिकार प्राप्त भएको हो । एकातिर वि.सं. २०४७ सालमा नयाँ संविधान जारी गरियो, जसले वाक् स्वतन्त्रता, मौलिक हक, प्रेस स्वतन्त्रता, संगठनको अधिकार, साथै नागरिकको मानव अधिकारको विस्तार गरिदियो । अब प्रमुख राजनीतिक दलहरूमा नेकपा माओवादी केन्द्र, नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायत अन्य थुप्रै पार्टीहरूको उदय भयो । त्यसपछि वि.सं. २०४८ सालमा दोस्रो आम निर्वाचन भयो । यस निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्यायो र गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । त्यसपछि वि.सं. २०५१ सालमा आम निर्वाचन भयो । यो मध्यावधि निर्वाचन थियो । नेकपा (एमाले' सबैभन्दा ठुलो दल बन्यो । मनमोहन अधिकारी प्रधानमन्त्री बने ।

यसै समयमा नेकपा माओवादीले जनताका सामाजिक, आर्थिक तथा राजनीतिक अधिकारहरू स्थापित गराउन भनी वि.सं. २०५२ साल फागुन १ गतेदेखि ४० सूत्रीय मागसहित जनयुद्ध घोषणा गरेर भूमिगत युद्ध लड्न सुरु गरह्यो । यसले राज्यको अर्थतन्त्र, उद्योगधन्दा र मानिसहरूको जनजीवनलाई अस्तव्यस्त पारि दियो । फेरि वि.सं. २०५६ सालमा आम निर्वाचन भयो । यसपटक नेपाली कांग्रेसले बहुमत ल्याउन सफल भयो र कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बने । एकातिर पार्टीहरू र जनताले आफ्ना संवैधानिक तथा राजनीतिक अधिकार हरू खोज्दा राजतन्त्रका अधिकारहरू कटौती हुने तथा अर्कोतिर राजा वीरेन्द्र पनि जनचाहनाअनुसार राजतन्त्रले समयअनुकूल जनताको मन जित्न सक्नुपर्छ भन्ने सोच राखेका हुनाले परिवार र दरबारभित्रका मानिसहरू राजाप्रति असन्तुष्ट बनेका थिए । यसले गर्दा राजदरबारभित्र शक्ति, उत्तराधिकार र सम्बन्धका कुराहरूमा खटपट हुन थालेको थियो ।

फलस्वरूप वि.सं. २०५८ साल जेठ १९ गते दरबार हत्याकाण्ड घट्यो । राजा वीरेन्द्र शाह र उहाँका परिवारका सदस्यहरूको हत्या भयो । त्यसपछि राजा ज्ञानेन्द्र शाहको हातमा सत्ता आयो । राजा ज्ञानेन्द्र शाहले पनि पार्टी र जनचाहनाअनुसार राज्य सञ्चालन गर्न चाहेनन् मात्र होइन, आफैँले सत्ता हत्याउने दाउपेच गर्न थाले । उनले प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा वि.सं. २०५९ जेठ ८ गते संसद विघटन गरी प्रत्यक्ष शासन गर्न सुरु गरे । र ाजा र राजनीतिक पार्टीहरूबीच शक्ति र सत्ताको खिचातानी झनै बढ्दै गइरहेको थियो भने त्यस समयमा माओवादीहरूले पनि आन्दोलनलाई उत्कर्षमा पुऱ्याएका थिए । त्यसपछि प्रजातान्त्रिक तथा वामपन्थी सबै दलहरू एक ठाउँमा आएर गठबन्धन गरी राजतन्त्रको विरुद्धमा लड्ने निर्णय गरे । फलस्वरूप वि.सं. २०६२ चैत्रदेखि २०६३ वैशाखसम्म निरंकुश राजतन्त्रको अन्त्य गर्न निर्णायक आन्दोलन भयो । अन्तत: यस जनआन्दोलनले करिब २४० वर्ष लामो इतिहास बोकेको राजतन्त्रको अन्त्य गरी बहुदलीय लोकतान्त्रिक प्रजातन्त्रको पुनर्बहाली गरिदियो ।

वि.सं. २०६३ मंसिर ७ गते अन्तरिम संविधान जारी गरियो र वि.सं. २०६४ चैत्र २८ गते पहिलो संविधान सभा निर्वाचन भयो । यस चुनावमा नेकपा माओवादी पहिलो पटक राजनीतिको मूलधारमा आयो र बहुमत ल्याएर सबैभन्दा ठुलो दल पनि बन्यो । वि.सं. २०६५ साल जेठ १५ गते औपचारिक रूपमा राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो । पहिलो संविधान सभा (वि.सं. २०६४-२०६७) ले गणतन्त्रको घोषणा त गऱ्यो तर कतिपय राष्ट्रियता र समावेशीका कुराहरूमा सहमति जुटाउन नसकेकाले संविधान निर्माण गर्न असफल भयो । यसर्थ, वि.सं. २०७० सालमा दोस्रो संविधान सभाको पुन:निर्वाचन भयो र नेपाली कांग्रेस सबैभन्दा ठुलो दल बन्यो । यस पटक भने पहिलो संविधान सभामा विवादित र हेका विषयहरूमा सहमति जुटाइयो र संविधान निर्माण कार्य सम्पन्न गरी वि.सं. २०७२ साल असार ३ गते नयाँ संविधान जारी गरियो । यस प्रकारको महत्त्वपूर्ण कार्यले नेपाली जनतामा खुसी ल्याउनु स्वाभाविकै थियो । नयाँ संविधानअनुसार संघीय संरचनामा वि.सं. २०७४ सालमा संघीय संसदको आम निर्वाचन भयो ।

यस निर्वाचनमा नेकपा एमाले-माओवादी गठबन्धनले बहुमत प्राप्त गरह्यो । केपी शर्मा ओली प्रधानमन्त्री बने । संघीय संसदको दोस्रो निर्वाचन वि.सं. २०७९ सालमा भयो तर निर्वाचनमा कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन सकेनन् । त्यसैले विभिन्न दलहरूको गठबन्धनबाट सरकार बन्यो । यसपटक पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बने । नेपालको इतिहासको विभिन्न कालखण्डमा धेरै पटक जनआन्दोलनहरू भए तर जनताका चाहनाहरू परिवर्तनको गर्भभित्रै खुम्चिएर रहे । नेपाली जनता आफ्ना हक, अधिकार र देश विकासका लागि शासकहरूसँगको संघर्षमा खरो उत्रिए, धेरैले आफ्नो ज्यानको आहुति दिए । सत्ता पल्टाए तर उनीहरूको जीवनस्तरमा कहिल्यै सुधार आउन सकेन । नेताहरूले यस कुरामा ध्यान पुऱ्याउन नसक्नु विडम्बनाको कुरा थियो । उनीहरूले सोझासाझा र गरिब जनताबाट भर पुर फाइदा उठाएर देश विकासभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्नमै तल्लीन रहे । बरु राजनीतिक खिचातानी, चरम भ्रष्टाचार, नातावाद, कृपावाद बढ्दै जान थाल्यो । कुनै पनि व्यवस्था स्वयं नराम्रो हुँदैन जब नेताहरू इमानदार हुन्छन् । यसर्थ, देश बर्बादीको भुमरीमा पुग्नुमा सबैभन्दा प्रमुख कारक तत्त्व भनेको राजनीतिक नेतृत्वको लापरबाही, दलगत स्वार्थ र भ्रष्टाचार नै हो । देशमा ठुला-ठुला भ्रष्टाचारका काण्डहरू भए । यी काण्डहरूको छानबिन गर्न आयोग पनि गठन गरियो । रिपोर्ट पनि तयार पारिए । दोषी पत्ता लगाइयो । तर ती सबै कुरा लुकाएर राखियो । दोषीलाई उन्मुक्ति दिइयो । जसले भ्रष्टाचार गरेका थिए उनीहरूलाई नै झन् पुरस्कृत गर्न थालियो ।

देशमा अप्रिय र त्रासदीपूर्ण हत्या र बलात्कारका घटनाहरू बढ्दै गए । सरकारले आर्थिक उदारीकरणको नाममा विभिन्न समयमा स्थापना गरिएका स्वदेशी उद्योगधन्दालाई प्रोत्साहन र प्रवर्द्धन गर्नुको साटो निजीकरणमा लग्यो । त्यस्तै उद्योगहरूमा ट्रेड युनियनको प्रभाव, लोडसेडिङ र तालाबन्दीले गर्दा काम गर्ने वातावरण हराउँदै जान थाल्यो । उदारीकरणको नाममा उद्योगहरूलाई धरासायी बनाई विदेशबाट आयात गर्ने नीति सरकारले लियो । यसले गर्दा स्वदेशी उद्योगहरूलाई विदेशी उद्योगहरूसँग प्रतिस्पर्धा गर्न निकै कठिन हुने वातावरण सिर्जना हुँदै गयो । स्थापना गरिएका उद्योगधन्दालाई कवाडीको मूल्यमा ठुलो कमिसन लिएर बेच्न थालियो । कतिपय उद्योगहरू बन्द हुँदै जान थाले र रोजगारीका अवसरहरू पनि गुम्दै गए । देशमा बेरोजगारीको संख्या दिनप्रतिदिन बढ्दै जान थाल्यो ।

युवाहरूलाई रोजगारीका लागि विदेश जान बाध्य बनाइयो । कतिपय युवाहरू आफ्नो परिवार पालनका लागि चर्को शोषण, थोरै तलबमा खाडी मुलुकमा गएर काम गर्न बाध्य भए भने धेरै सक्षम युवाहरू देश छोडेर युरोप, अमेरिका, अस्ट्रेलिया, यूके आदि देशमा पीआर तथा नागरिकता लिएर बस्न थाले । यहाँको अन्योलपूर्ण, अस्थिर र असुरक्षित वातावरणले गर्दा उनीहरू देशमा फर्कन मन पराउँदैनन् । देश दिनप्रतिदिन गरिबीको खाडलतिर धकेलिँदै असफल राष्ट्रको बाटोतिर जान थालेको छ ।

जनताको भावना, इच्छा तथा आकांक्षा अनुसार राज्य सञ्चालन गरी देश विकासोन्मुख हुनुपर्नेमा भ्रष्टाचार, नातावाद, कृपावाद बढ्दै जानु र जनताका मौलिक हक अधिकारमाथि प्रतिबन्ध लगाउनेतर्फ राज्य जान थाल्नु अवश्य पनि राम्रो संकेत थिएन । अहिलेका युवा पुस्ताले आफ्नो परिवार, साथीभाइहरूसँगको मित्रता, साथै रोजगारका अवसर समेतमा पहुँच राख्ने सामाजिक सञ्जाल उनीहरूका लागि मुटुको धुकधुकी नै बनेको समयमा यस्ता सामाजिक सञ्जालमाथि सरकारले प्रतिबन्ध लगाउनु सर कारको ठुलो कमजोरी थियो । फलस्वरूप, युवाहरू आक्रोशित भए र यसको विरुद्धमा आवाज उठाए । जेन जीहरूको शान्तिपूर्ण आन्दोलन (वि.सं. २०८२ भदौ २३) लाई दबाउन सरकारले निर्मम तरिकाले गोली चलायो । १९ जना विद्यार्थीहरूसहित ७६ जनाले शहादत प्राप्त गरे ।

भोलिपल्ट वि.सं. भदौ २४ गते यस घटनाको विरोधमा सम्पूर्ण जनता सडकमा निस्कन बाध्य भए र सरकारको विरोध गरे । यस दिनको आक्रोशित र अनियन्त्रित भिडले संसद् भवन, सिंहदरबार, प्रमुख न्यायिक संरचनाहरू, देशभरिका विभिन्न सरकारी कार्यालयहरू तथा राजनीतिक नेताहरूको आवासमा समेत आगो लगायो र ध्वस्त बनायो । देशमा ठुलो धनजनको क्षति भयो । यो दिन नेपालको प्रजातान्त्रिक इतिहासकै कालो दिन बन्न पुग्यो । यस घटनाले गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा मात्र दिएनन्, सेनाले हेलिकप्टरबाट उद्धार गरेर गोप्य ठाउँमा लुकाउनुपऱ्यो । मन्त्रीहरूले राजीनामा दिए । कतिपय राजनीतिक दलका नेताहरू निर्घात कुटिए र घाइते बने । जेन जी आन्दोलनले सत्ता मात्र पल्टाइदिएन, पार्टीहरू महिनौँसम्म गुमनाम रहन बाध्य भए । देश सरकारविहीन अवस्थामा पुग्यो । त्यस समयमा नेपाली सेनाले स्थितिलाई नियन्त्रणमा लियो र देशलाई असफल राष्ट्र हुनबाट बचायो । प्रधानसेनापतिको अगुवाइमा जेन जी युवाहरू र राष्ट्रपतिको बीच वार्ता गराई सरकार गठन गर्ने वातावरण बनाइयो र निवर्तमान सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरियो ।

अन्तमा, नेपाली राजनीतिक इतिहासमा जनताले आफ्ना अधिकारका लागि ठुला संघर्ष र बलिदानहरू गरेर आम निर्वाचनहरूबाट जनप्रतिनिधिहरूको नयाँ सरकार गठन गरिए तापनि जनताका गाँस, बास र कपासको अधिकार सुनिश्चित गरी देश समृद्धिको बाटोतर्फ अघि नबढेकाले जेन जी पुस्ताले देशको राजनीतिक अवस्था बदल्न आन्दोलन गरेका हुन् । यस पुस्ताले गरेको आन्दोलनले जनताले समयसापेक्ष आफ्ना मागहरू पूरा गर्न सक्ने सक्षम, इमानदार र देशप्रेमी जनप्रतिनिधिहरू छनोट गरी आफ्नो अधिकारको सदुपयोग गर्नु नितान्त आवश्यक देखिएको छ ।

आफ्नो जिम्मेवारी पूरा गर्दै जनताको अधिकार सुनिश्चित गर्न सरकार कम्मर कसेर चुनाव गराउनुको विकल्प छैन । आगामी चुनावमा नयाँ राजनीतिक दलहरूको आगमनले पुराना दलहरूलाई चुनौती दिएको मात्र छैन, उनीहरूको अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा रहेको बेलामा कतिपय पुराना राजनीतिक दलहरू अग्निपरीक्षाको तराजुमा जोखिनुपर्ने ठुलो चुनौती आएको छ । आगामी आम निर्वाचन वि.सं. २०८२ लाई विशेष गरी जेन जी पुस्ताले आफ्नो भविष्य कोर्ने सुनौलो अवसरको रूपमा लिएको देखिन्छ । सरकारलाई उम्मेदवारहरू र जनताको शान्तिसुरक्षा सुनिश्चित गराउनुपर्ने चुनौती थपिएको छ । सरकार, राजनीतिक दल र जनता संयमित भई शान्तिपूर्ण चुनाव सम्पन्न गराउन सबैले सहयोग गर्नुपर्दछ । अबको आम निर्वाचनपश्चात गठन हुने सरकारले देशलाई भ्रष्टाचारमुक्त बनाई राष्ट्रको उन्नति र समृद्धिको बाटोमा डोऱ्याउनेछ भन्ने जनताले ठुलो आशा राखेका छन् ।

*(साभार: रातोपाटी)*

# दलका घोषणापत्रमा समेटिएलान् त औद्योगिक क्षेत्र निर्माणका आयोजना ?

✍पदम ओली

केही दिन मात्र भयो, नेपाल उद्योग वाणिज्य महासैले 'आर्थिक एजेन्डा' विषयक कार्यक्रम आयोजना गरी राजनीतिक दलका घोषणापत्रमा आर्थिक विषयले प्राथमिकता पाउन नसकेकोमा चर्चा गऱ्यो। उक्त कार्यक्रममा आर्थिक विषयले प्राथमिकता नपाएको विषय त आयो, तर आर्थिक गतिविधि चलायमान बनाउने अर्थतन्त्रको जग रहेको उद्योग क्षेत्र, अझ त्यसमा पनि उत्पादनशील उद्योग क्षेत्र स्थापना र सञ्चालनका लागि भनेर स्पष्ट माग गरेको पाइएन।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान सन् २०२४/२५ मा १२.८३ प्रतिशत रहेकोमा हाल उत्पादनमूलक क्षेत्रको योगदान ५ प्रतिशतभन्दा कम पुगेको छ। यसका विविध कारण रहे तापनि पछिल्लो समयमा उद्योग स्थापना गर्न उद्योगीले जमिन खरिद गर्न नसक्नु, जमिन खरिद गरेर उद्योग स्थापना गरे तापनि उद्योग सञ्चालनमा स्थानीयको अवरोध हुनु लगायत विषयहरू प्रमुख समस्याका रूपमा रहँदै आएका छन्। उद्योगी आफैंले खरिद गरी स्थापना गरेका उद्योगहरू पछिल्लो समयमा वातावरण प्रदूषणको नाममा होस् या अरू कुनै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हुने स्थानीय अवरोधका कारण बन्द हुने वा सञ्चालनमा रहेको स्थानबाट स्थानान्तरण हुनुपर्ने बाध्यतामा छन्।

गत भदौ २३ र २४ को आन्दोलन पश्चात् उद्योग प्रतिष्ठानहरूमाथि भएको आक्रमणले त झन् उद्योगीहरूको मनोबल घटाएको र असुरक्षित वातावरणमा उद्योग सञ्चालन नगर्ने मनस्थितिमा पुऱ्याएको छ। यसले आगामी दिनमा उत्पादनमूलक उद्योगको कुल गार्हस्थ्य उत्पादनमा योगदान घटाउने निश्चित छ। यसरी उत्पादन क्षेत्रको योगदान घटिरहँदा सरकारले त्यसको क्षतिलाई व्यापार क्षेत्रबाट पूर्ति गर्न खोजिरहेको पनि देखिन्छ। यद्यपि, व्यापार क्षेत्रले सरकारको राजस्वलाई त पूर्ति गर्ला, तर त्यसले समग्र सामाजिक विकासमा योगदान पुऱ्याउँदैन। साथै, यस प्रकारको नीतिले दिगो विकास लक्ष्यमा पनि योगदान दिंदैन।

भर्खरैको नवयुवा आन्दोलनको एउटा मुख्य कारण बढ्दो बेरोजगारी पनि थियो। उक्त आन्दोलनका क्रममा उद्योग प्रतिष्ठानमा भएको क्षतिका कारण बेरोजगारको संख्या अझ बढ्दो क्रममा छ। बढ्दो बेरोजगारीले निम्त्याउने समस्या र त्यसले देशको राजनीतिमा पार्ने प्रभाव अझ बढी रहन्छ। यी विविध समस्याको समाधानको वाचा-कसमका साथ फागुन २१ को चुनावमा राजनीतिक दल होमिइरहँदा उद्योगी व्यवसायीहरूले सुरक्षित औद्योगिक वातावरणको सुनिश्चितता खोजिरहेका छन्। आगामी चुनावका लागि तयार हुने दलका घोषणापत्रमा यी विषय लिखित रूपमा देखिनुपर्ने माग भइरहेको छ। यसका साथै अहिले उद्योगीले माग गरेको अर्को विषय 'औद्योगिक सुरक्षा बल' पनि हो। उद्योग क्षेत्रले उठाएका यस्ता समस्याको सम्बोधन तथा औद्योगिक वातावरण निर्माणका लागि नेपाल सरकारले २०१६ सालदेखि नै उद्योग स्थापनाका लागि जमिन खरिद गर्न नपरोस् भन्ने मात्र नभई, उद्योगले स्वतन्त्र तरिकाले कार्य गर्न सकून् र बाह्य सामाजिक समस्या राज्यले सम्बोधन गरोस् भन्ने हेतुले पूर्वाधार सहितको जमिन उपलब्ध गराउन औद्योगिक क्षेत्रको निर्माण र सञ्चालन गर्दै आइरहेको छ।

नेपालमा २०१६ देखि २०४४ सालसम्म १० वटा औद्योगिक क्षेत्र निर्माण भए। सोपश्चात् प्रजातन्त्र, लोकतन्त्रहुँदै गणतन्त्रसम्म आइपुग्दा कुनै पनि सरकारले ११औं औद्योगिक क्षेत्र निर्माण गरी सञ्चालन गर्न नसकेको अवस्था छ। पञ्चायतको अवसानपश्चात् स्थापना भएको प्रजातन्त्रले सरकारी उद्योगहरू बन्द गर्ने र निजीकरण गर्ने कार्य कुशलतापूर्वक सम्पन्न गरे पनि खुला बजारमा आवश्यक उद्योग स्थापना र सञ्चालन गर्ने वातावरण बनाउन चुकेको देखिन्छ।

*(साभार: अनलाइनखबर)*

### ०७४ र ०७९ को मत विश्लेषण :

# स्थिर छैनन् काठमाडौं उपत्यकाका मतदाता

काठमाडौं/आठ वर्षअघि अर्थात २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा एमालेले काठमाडौं उपत्यकाका १५ मध्ये ९ सिट जितेको थियो । एमाले र माओवादी केन्द्र एकीकरण हुने घोषणाका साथ चुनावी तालमेल गरेका थिए र त्यसको नतिजा निर्वाचनमा देखिएको थियो । त्यतिबेला उपत्यकामा कांग्रेसले ४, माओवादी केन्द्र र नेपाल मजदुर किसान पार्टी(नेमकिपा)ले १/१ सिटमात्रै जिते । पाँच वर्षपछि २०७९ सालको निर्वाचनमा एमाले उपत्यकाका १५ मध्ये दुई ठाँउमा सीमित भयो ।

निर्वाचनको केही महिनाअघि मात्रै दर्ता भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पाँच ठाँउमा निर्वाचित भयो भने कांग्रेसले सातवटा सिट जित्यो । काठमाडौं उपत्यकामा कांग्रेस, एमाले र माओवादी केन्द्रको मत प्रत्यक्ष र समानुपातिक दुवैमा २०७४ को तुलनामा उल्लेख्य घटेको थियो । २०७४ को तुलनामा २०७९ सालमा पुराना नेताहरु अधिकांशले कि दोहोरिएन उम्मेदवारी दिएनन्, दिएकाहरु पनि पराजित भए ।

२०७४ सालमा विवेकशील साझा पार्टीमा व्यक्त भएको राजधानीबासीको असन्तुष्ट मत २०७९ मा आइपुग्दा त्यहाँबाट समेत सोहोरिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा पोखिएको थियो । रास्वपाले काठमाडौंमा पाँच सिटमात्रै जितेन, कयौं क्षेत्रमा समानुपातिकतर्फ पहिलो र दोस्रो नै बनेको थियो । २०७४ सालको तुलनामा २०७९ सालमा बढी मत पाएर निर्वाचित हुनेमा भक्तपुर-१ मा नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र ललितपुर-१ का उदयशम्सेर जबरामात्रै हुन् । काठमाडौं-४ मा निर्वाचित गगन थापाको मत सांकेतिक रुपमा भने घटेपछि स्थिर देखिन्थ्यो ।

समानुपातिकतर्फको प्रवृत्ति हेर्ने हो भने २०७४ को तुलनामा २०७९ मा सबैजसो निर्वाचन क्षेत्रमा कांग्रेस, एमाले र माओवादी केन्द्रकै भोट उल्लेख्य रुपमा घटेको थियो । २०७४ सालमा विवेकशील साझा पार्टीले पाएको 'वैकल्पिक रुझानयुक्त मत' २०७९ सालमा त्यो भन्दा बढी राष्ट्रिय स्वतन्त्र पार्टीमा पुगेको थियो ।

कुनैकुनै ठाँउमा कांग्रेस, एमाले र माओवादीहरुको समानुपातिक भोट आधासम्मले घटेको थियो । र, कयौं निर्वाचन क्षेत्रहरूमा समानुपातिक तर्फ रास्वपा पहिलो दल नै बनेको थियो । अघिल्लोपटक काठमाडौंमा राप्रपाले पनि आफ्नो मत बढाएको थियो । जेनजी आन्दोलनका कारण साढे तीन वर्षमै हुन लागेको यो निर्वाचनमा यसअघि जस्तो कांग्रेस, माओवादी र एकिकृत समाजवादीको गठबन्धन छैन । कांग्रेस, एमाले आ-आफ्नै ढंगले प्रतिस्पर्धामा छन् भने माओवादी केन्द्र, एकिकृत समाजवादी लगायतका बाम घटकहरु मिलेर नेपाली कम्यूनिष्ट पार्टी(नेकपा) गठन गरेर उम्मेदवारी दर्ता गरेका छन् । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेर चुनावी अभियानमा छन् ।



**काठमाडौं-१ : प्रकाशमान सिंहको ठाउँमा को ?**

पहिलो र दोस्रो संविधानसभा निर्वाचनदेखि नै काठमाडौं क्षेत्र नम्बर १ मा कांग्रेस उम्मेदवार प्रकाशमान सिंह निरन्तर निर्वाचित भइरहेका थिए । प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका र त्यागी नेताको पहिचान बनाएका गणेशमान सिंहको 'लिगेसी'का कारण उनका छोरा प्रकाशमानलाई त्यहाँ सहजता थियो । तर त्यो सहजता सधैं कायम रहेन । २०७४ र २०७९ सालको निर्वाचनमा वैकल्पिक रुझानको नारा अघि सारेर आएका रवीन्द्र मिश्रले उनलाई खरो चुनौती दिए, पछिल्लोपटक त सिंहलाई निर्वाचित हुन हम्मेहम्मे नै परेको थियो ।

फलस्वरुप राष्ट्रिय स्वतन्त्र पार्टीका पुकार बमले ४१ सय, एमालेका किरण पौडेलले ३५ सय र सुशासन पार्टीको नाम खोलेका र मेश खरेलले ३१ सय मत पाए । त्यति हुँदाहुँदै पनि सिंह र मिश्रको खरो प्रतिस्पर्धामा अरु पस्न सकेनन् । किम्तमा पनि तीन हजार मतले पछाडी परे । फलस्वरुप राष्ट्रिय

स्वतन्त्र पार्टीका पुकार बमले ४१ सय, एमालेका किरण पौडेलले ३५ सय र सुशासन पार्टीको नाम खोलेका रमेश खरेलले ३१ सय मत पाए । त्यति हुदाहुदै पनि सिंह र मिश्रको खरो प्रतिस्पर्धामा अरु पस्न सकेनन् । कम्तिमा पनि तीन हजार मतले पछाडि परे । काठमाडौं क्षेत्र नम्बर एकमा व्यक्त भएको समानुपातिक मत पनि उस्तै रोचक छ । २०७४ सालमा कांग्रेसले समानुपातिकमा ९२१२ भोट पाएको थियो ।

विवेकशील साझाले ६९११, एमालेले ६५०८ र माओवादी केन्द्रले १६ सय ८० मत पाएका थिए । २०७९ सालमा आइपुग्दा कांग्रेस, एमालेको मत उल्लेख्य घट्यो भने विवेकशील साझा पार्टीको नामनिसाना नै थिएन । बरु राष्ट्रिय स्वतन्त्र पार्टीले ५६१८ मत पाएको थियो । यसपालीको निर्वाचनमा नेपाली कांग्रेसका प्रकाशमान सिंह प्रतिस्पर्धामा छैनन् । उनको ठाँउमा युवा उद्यमी प्रवल थापा क्षेत्रीलाई कांग्रेसले उम्मेदवार बनाएको छ । राप्रपाका रवीन्द्र मिश्र तेस्रोपटक प्रतिस्पर्धामा छन् भने राष्ट्रिय स्वतन्त्र पार्टीले रञ्जु दर्शनालाई उम्मेदवार बनाएको छ । मुख्यत: यी तिनै उम्मेदवारहरुबीच हुने प्रतिस्पर्धामा अघिल्लोपटक जस्तो धेरै उम्मेदवारहरुमा मत छरिने देखिदैन । निर्वाचित हुन चाहे उम्मेदवारले कम्तिमा पनि अघिल्लो निर्वाचनका प्रतिस्पर्धीहरुले भन्दा बढी मत ल्याउनुपर्ने देखिन्छ ।

**काठमाडौं-२ : सोविताले छाडेको ठाउँ**

२०६४ सालको संविधान सभा निर्वाचनमा माओवादी उम्मेदवार झक्कु सुवेदीले एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाललाई पराजित गरेदेखि नै काठमाडौं क्षेत्र नम्बर दुई निर्वाचनको बेलामा ज्यादा चर्चामा हुने गर्छ । २०७० सालको संविधानसभा निर्वाचनमा निर्वाचित भएर नेपालले पुरानो पीडामा मल्हम लगाएका थिए ।

२०७४ सालमा प्रतिस्पर्धी कांग्रेस उम्मेदवार दिपक कुइकेलले भन्दा झण्डै दोब्बर मत ल्याएर नेपाल निर्वाचित भएका थिए । त्यतिबेलाको प्रतिस्पर्धामा एमाले नेता माधवकुमार नेपाल, कांग्रेस उम्मेदवार दिपक कुइकेल र विवेकशिल साझाका उम्मेदवार सूर्यराज आचार्यले चानचुन ५० हजार मत होल्ड गरेका थिए ।

२०७९ सालमा आइपुग्दा ती प्रमुख दलका उम्मेदवारहरू फेरिए । एमालेले मणिराम फुयाललाई उठायो । कांग्रेसले गठबन्धनका कारण आफ्नो उम्मेदवारी नै नदिएर माओवादी केन्द्रकी ओनसरी घर्तीलाई समर्थन गऱ्यो । तर, उनीहरूको सोचजस्तो नतिजा आएन । करिब ५० हजार त्यो भोटको एक तिहाई हिस्सा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उम्मेदवार सोविता गौतमको पोल्टामा पुग्यो, उनी १५ हजार २३८ मत सहित निर्वाचित भइन् । एमालेका मणिराम फुयाल ११५६६ मत सहित दोस्रो भए । राप्रपाका कुन्तादेवी पोखरेल तेस्रो भएर ११ हजार २४ मत बटुलेकी थिइन् ।

निर्वाचनको प्रतिस्पर्धा अंकगणितको जोडघटाउ जस्तो हुँदैन भन्नका लागि पाँच दलीय गठनबन्धनकी उम्मेदवार ओनसरी घर्तीले पाएको मत राम्रो उदाहरण हो । २०७४ सालको प्रत्यक्ष र समानुपातिक मतको औसत निकाल्दा अनि कांग्रेस माओवादीको मत एकठाँउमा पोखिँदा पनि ओनसरीले कम्तीमा पनि १६ हजार मत पाउनुपर्ने थियो । तर ९४५९ मत पाएर उनी चौथो स्थानमा पुगिन् ।

२०७४ पछिको पाँच वर्षमा काठमाडौं-२ मा एमाले, कांग्रेस र माओवादीको भोट स्वात्तै घटेको देखिन्छ । समानुपातिकमा २१ हजार मत पाएको एमाले २०७९ सालमा साढे ९ हजार मतमा खुम्चियो । ४१ सय मत पाएको माओवादीको करिब ११ सय भोटमात्रै खसेको थियो । १२ हजार मत पाएको कांग्रेसले चानचुन सात हजार मतमा सीमित रह्यो । २०७४ सालमा करिब आठ हजार मतदाताले विवेकशील साझा पार्टीलाई मत दिएर आफूहरूको वैकल्पिक रुझान प्रकट गरिसकेका थिए, त्यो संकेत नबुझ्नु त्यतिबेला ठूला दलहरूका लागि झड्का भइदियो ।

२०७९ सालको समानुपातिकमा काठमाडौं क्षेत्र नम्बर-२ मा रास्वपाले झण्डै १२ हजार मत पायो । र, अघिल्लो पटक ३३ सय मत पाएको राप्रपाले झण्डै १२ हजार मत बटुल्यो । त्यहाँ राप्रपा र रास्वपाको ६०/७० मतको फरक छ । एमाले फुटेर बनेको एकीकृत समानुपातिकले पाएको भोट जम्माजम्मी २६ सय मात्रै हो ।

अहिले काठमाडौं-२ मा रास्वपाबाट सुनिल केसी प्रतिस्पर्धामा छन्, जो राप्रपाबाट प्रदेशसभामा निर्वाचित निवर्तमान सांसद हुन् । उनले सांसद पदबाट राजीनामा दिए, अनि रास्वपा प्रवेश गरेर प्रतिस्पर्धामा होमिए । एमालेबाट मणिराम फुयाल नै प्रतिस्पर्धामा छन् । कांग्रेसबाट कबिर शर्माले प्रतिस्पर्धा गरिरहेका छन् ।

**काठमाडौं-३ : स्थिर मत रहेको कांग्रेसलाई सीट जोगाउने चुनौती**

काठमाडौं क्षेत्र नम्बर-३ मा नेपाली कांग्रेसको मत स्थिर देखिन्छ । २०७४ सालमा उम्मेदवार अम्बिका बस्नेतले १४ हजार ८८४ मत पाएकोमा २०७९ सालमा सन्तोष चालिस १५ हजार १५८ मत पाएर निर्वाचित भए । २०७९ सालमा अन्यत्र ठूला दलहरुको मत घट्दा काठमाडौं-३ कांग्रेसका लागि सुरक्षित बन्यो । माओवादीसँग मिलेर चुनाव लडेका एमालेका कृष्णबहादुर राईले २०७४ सालमा १९ हजार भोट पाएका थिए भने पछिल्लो चुनावमा ११ हजार भन्दा बढी भोट ल्याउन सकेनन् । एमालेबाट अन्यत्र सरेको त्यो भोट कहाँ गयो भन्नेवारे पनि स्पष्ट आँकडा देखिन्छ ।

पछिल्लो चुनावमा रास्वपाका दुर्गा बिक्रम थापाले ५८ सय मत पाए भने राप्रपाका गणेश गिरीले २२ सय ७९ मत पाए । रास्वपा र राप्रपाका उम्मेदवारहरुले अरु उम्मेदवारहरुबाट आठ हजारजति भोट काटिदिएका थिए । रामेश्वर फुयाल एमालेबाट, कांग्रेसबाट रमेश अर्याल र रास्वपाबाट राजुनाथ पाण्डे छन् ।

समानुपातिकतर्फ भने काठमाडौं-३ मा कांग्रेस, एमाले र माओवादीको भोट घट्दो क्रममा थियो । रास्वपा र राप्रपाले भोट बढाएका थिए । तुलनात्मक रुपमा पछिल्लो निर्वाचनमा कांग्रेसको करिव दुई हजार भोट घट्यो । एकिकृत समाजवादीले जम्माजम्मी ५७० भोट काट्दा एमालेको पाँच हजार घटेको देखिन्छ । माओवादीको भोट त ३११८ बाट आधाभन्दा बढी घटेर १३३३ मा सीमित भयो । रास्वपाले त्यहाँ ९२ सय मत पायो भने राप्रपाले ६७४ बाट झण्डै पाँच हजार भोट ल्यायो ।

काठमाडौं-३ मा अहिले एमालेले रामेश्वर फुयाल, कांग्रेसले रमेश अर्याल र रास्वपाले राजुनाथ पाण्डेलाई उम्मेदवार बनाएको छ । उज्यालो पार्टीका अध्यक्ष एवं निवर्तमान उर्जामन्त्री कुलमान घिसिङ त्यही क्षेत्रका उम्मेदवार हुन् । एमालेका फुयाल त्यो क्षेत्रमा पुराना नेता हुन्, कांग्रेसले युवा उम्मेदवारको रुपमा अर्याललाई अघि सारेको छ । राजुनाथ पाण्डे भने काठमाडौं महानगरका पूर्व नगरप्रहरी हुन्, बालेनको टिममा रहेका उनी राजीनामा दिएर प्रतिस्पर्धामा छन् ।

**काठमाडौं-४ : गगनको ठाउमा को ?**

काठमाडौं क्षेत्र नं. ४ लाई कांग्रेस युवा नेता एवं नवनिर्वाचित सभापति गगन थापाले कब्जा जमाएको क्षेत्र भन्दा फरक पर्दैन । उनले २०७०, २०७४ र २०७९ त्यहीबाट ह्याट्रिक गरे । ललितपुर-१ बाहेक काठमाडौं उपत्यकाका सबै क्षेत्रमा कांग्रेसको मत घट्दा २०७४ र ७९ मा थापाले पाएको मत स्थिर थियो ।

अघिल्लो निर्वाचनमा माओवादीसँग मिलेर गठबन्धन बनाएका एमाले उम्मेदवार राजन भट्टराईले २०७९ सालमा करिब साढे ४ हजार कम मत पाएको देखिन्छ । २०७४ सालमा विवेकशीलकी उम्मेदवार सुबुना बस्नेतले तीन हजार मत पाएकी थिइन् । २०७९ सालमा चानचुन साढे सात हजार मत कता गयो त ? त्यो मत राप्रपा र स्वतन्त्र उम्मेदवारहरुमा छरिएको देखिन्छ । राप्रपाका डा. ठाकुरमोहन श्रेष्ठले चार हजार मत पाए, स्वतन्त्र उम्मेदवार हेमबहादुर बम्जनले २३ सय मत पाए, हामी नेपाली पार्टी (हानेपा)का उम्मेदवारले चानचुन १२ सय मत पाएका थिए ।

तर समानुपातिकमा एमाले र माओवादी मात्रै होइन, कांग्रेसले पनि आफ्नो मत स्थिर राख्न सकेन । अघिल्लो तुलनामा कांग्रेसको करिब साढे चार हजार, एमालेको पाँच हजार र माओवादी केन्द्रको झण्डै एक हजार मत घट्दो देखिन्थ्यो । २०७४ मा विवेकशीललाई खसेको ६८ सय मत २०७९ मा उसलाई खस्ने कुरै भएन । काठमाडौं-४ मा रास्वपाले ९४ सय मत पाएको थियो, राप्रपाले अघिल्लो तुलनामा ६ हजार भोट थप्यो ।

अहिले काठमाडौं-४ बाट नियमित रुपमा निर्वाचित भइरहेका गगन थापा सर्लाही-४ मा गएका छन् भने उनको ठाँउमा युवा उम्मेदवार सचिन तिमल्सेना प्रतिस्पर्धामा छन् । एमालेले यसअघि नै राजन भट्टराईलाई उम्मेदवार बनाएको छ । रास्वपाबाट पुकार बम प्रतिस्पर्धी छन् । राप्रपाले सुरेन्द्र भण्डारी नेकपाले इन्द्रकुमार भुसाललाई उम्मेदवार बनाएको छ ।

**काठमाडौं-५ : सधैंको हेभिवेट प्रतिस्पर्धा**

२०७४ सालमा एमाले उम्मेदवार ईश्वर पोखरेल २३ हजार मतसहित निर्वाचन जितेका थिए । उनका प्रतिस्पर्धी डा. प्रकाशशरण महत(नेपाली कांग्रेस)ले १० हजार कम अर्थात १३ हजार मतमात्रै पाएका थिए । तेस्रो स्थानमा विवेकशील साझाका उज्ज्वलबहादुर थापाले झण्डै सात हजार मत पाए । २०७९ सालमा कांग्रेस उम्मेदवार प्रदीप पौडेलले महतको तुलनामा दुई हजार मतमात्रै बढाएका हुन् । पाँच वर्षको अन्तरालमा ईश्वर पोखरेलको मत यसरी घट्यो कि प्रतिस्पर्धीले अघिल्लो मत कायम मात्रै राखेको भए पनि उनी पराजित हुन्थे । पछिल्लो निर्वाचनमा पोखरेलले २०७४ को तुलनामा १३ हजार कम अर्थात १० हजार मतमात्रै पाए ।

२०७४ सालको तुलना गर्दा ईश्वर पोखरेलको करिब १३ हजार र विवेकशीलका उम्मेदवार उज्ज्वल बहादुर थापाको झण्डै हजार गरी कुल २० हजार मत अन्यत्र तितरवितर भएको देखिन्छ । त्यति तितरवितर मत कांग्रेसका प्रदीप पौडेल निर्वाचित हुने कारक बन्यो । त्यसरी छरिएको मत रास्वपा र राप्रपाका उम्मेदवारहरुमा बाँडिएको देखिन्छ । २०७९ मा रास्वपाका प्रणयशम्सेर राणाले साढे पाँच हजार मत पाए । राप्रपाका रामप्रसाद उप्रेतीले करिब चार हजार मत पाए । स्वतन्त्र उम्मेदवार श्रीराम गुरुङले करिब २७ सय मत बटुलेका थिए । यसपटक ईश्वर पोखरेल, प्रदीप पौडेल अनवरत प्रतिस्पर्धामा छन् । कमल थापा राप्रपाबाट छन् भने सस्मित पोखरेल रास्वपाबाट छन् ।

काठमाडौं क्षेत्र नम्बर-५ को समानुपाति मत विश्लेषण गर्ने हो भने २०७४ सालको तुलनामा पछिल्लो पटक एमालेलाई प्रत्यक्ष र समानुपातिक दुवैमा आधाभन्दा बढी मत घाटा लागेको देखिन्छ । समानुपातिकमा कांग्रेसको करिब १८ सय मत घट्दा एमालेको मत १८ हजारबाट साढे ९ हजारमा सीमित भएको थियो । २०७४ सालमा काठमाडौं-५ मा विवेकशील साझाले आठ हजार मत पाएको थियो ।

त्यतिबेला कांग्रेस, एमाले, विवेकशील र माओवादीले पाएको करिब १९ हजार मत पछिल्लो पटक अन्यत्र तितरवितर भएको देखिन्छ । ११ सय मतबाट बढाएर पछिल्लो निर्वाचनमा राप्रपाले ७२ सय मत पायो भने रास्वपाले साढे ११ हजार मत पाएको थियो । अहिले त्यहाँ ठाँउमा एमाले नेता ईश्वर पोखरेल र कांग्रेस महामन्त्री प्रदीप पौडेल निरन्तर प्रतिस्पर्धामा छन् । रास्वपाका सस्मित पोखरेल पनि प्रतिस्पर्धामा छन् । अनि राप्रपाबाट पुराना नेता कमल थापा उम्मेदवार बनेर थपिएका छन् ।

**काठमाडौं-६ : शिशिर खनालले सहजै जितेको ठाउ**

२०७४ सालको निर्वाचनमा साढे १५ हजार मत पाएका झक्कु सुवेदीको ठाँउमा माओवादीले कसैलाई उम्मेदवार बनाएन, कांग्रेसलाई समर्थन गऱ्यो । त्यत्रो साथसहयोगको बाबजुद कांग्रेस नेता भिमसेनदास प्रधानले आफूले अघिल्लोपटक पाएको झण्डै १७ हजार मतको झण्डै आधा पनि जोगाउन सकेनन् । एकातिर नयाँ दलको माहौल थियो, त्यसमाथि निर्वाचन जित्नका लागि यी दुई सबल पक्ष बाहेक के चाहियो ? काठमाडौं-६ मा रास्वपा उम्मेदवार शिशिर खनाल २०७९ मा १४ हजार २२१ मत सहित निर्वाचित भए । विवेकशीलका उम्मेदवार रमेश चिलुवालले पाएको करिव ४२ सय भोट पनि उनका लागि राम्रो सपोर्ट भयो ।

*(स्रोत: अनलाइनखबर)*

### सुपिङबासीसमक्ष बर्तौलाले भने:

# अधुरा जिम्मेवारी पूरा गर्न मलाई सहयोग गर्नुहोस्



साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/नेकपा (एमाले) का तर्फबाट मकवानपुर क्षेत्र नं. २ का उम्मेदवार महेश बर्तौलाले आफ्नो चुनावी घरदैलो अभियानलाई तीव्र पारेका छन् ।

बुधबार भीमफेदी गाउँपालिका-५ को सुपिङगाउँमा आयोजित शुभचिन्तक भेटघाट तथा अन्तरक्रियामा बर्तौलाले विगतको कार्यकाल पूर्ण हुन नपाएकोमा दु:ख व्यक्त गरे । 'तपाईंहरुले मलाई ६० महिनाका लागि निर्वाचित गरेर पठाउनुभएको थियो तर, संसद विघटनका कारण ३२ महिनामै मेरो कार्यकाल रोकियो,' बर्तौलाले भने, 'प्राकृतिक न्याय र २०७९ को जनादेशका आधारमा पनि मैले बाँकी २८ महिना सेवा गर्न पाउनुपर्छ । अधुरा जिम्मेवारी पूरा गर्न मलाई सहयोग गर्नुहोस् ।'

स्थानीयबासीले उम्मेदवार बर्तौलासमक्ष विभिन्न समस्या र जिज्ञासा राखेका थिए । स्थानीय गुणप्रसाद पुडासैनीले बाँदरको समस्याका कारण गाउँ नै रित्तिन लागेको बताउँदै यसलाई नीतिगत रुपमै समाधान गर्न माग गरे । अर्का स्थानीय छविलाल पुडासैनीले नेपाललाई हिन्दु राष्ट्र कायम गरिनुपर्ने र गाईको मासु खान पाउनुपर्छ भन्ने खगेन्द्र सुनारको अभिव्यक्तिको कडा विरोध गरे । सूर्यबहादुर ब्लोनले पुस्तौंदेखि बसोबास गर्दै आएपनि जग्गाको धनीपुर्जा नपाएको गुनासो गर्दै भूमि आयोगको कामलाई तीव्र बनाउन आग्रह गरे ।

कार्यक्रममा नेकपा (एमाले) भीमफेदीका उपसचिव आशिष अस्लामीले बर्तौलाको विगतको कार्यकाल उपलब्धिमूलक रहेको दाबी गरे । उनले बर्तौलाले संसदमा भूमिहीनका समस्या, टीआरसी विधेयक, शिक्षा विधेयक र दुग्ध किसानका पक्षमा दरिलो आवाज उठाएको स्मरण गराए । अस्लामीले भने, 'हाम्रो उम्मेदवार दुई विषयमा स्नातकोत्तर र कानुनमा स्नातक गर्नुभएको विज्ञ व्यक्ति हुनुहुन्छ । उहाँको सक्रियताले नै बकैया लगायतका क्षेत्रमा भूमिहीनले पुर्जा पाएका छन्, बाँकी काम पनि उहाँले नै पूरा गर्नुहुनेछ ।'

एमाले बागमती प्रदेश कमिटी सदस्य भगवती पुडासैनीले गएको भदौ २३-२४ गते व्यक्तिगत र सार्बजनिक सम्पत्ति जलाएको स्मरण गराउँदै राष्ट्रियता र शान्ति सुरक्षाको लागि एमालेमा मतहाल्न अनुरोध गरिन् ।

भीमफेदी-५ का वडाअध्यक्ष तथा एमाले नेता जहारसिं लामाले बाँदर समस्या समाधानको लागि बाँदरले नखाने टीमुर जस्ता खेती गर्न सुझाए । कार्यक्रममा एमाले छाडेर रास्वपा प्रवेश भएका एक दर्जन कार्यकर्तालाई पुन: एमाले फकिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट शेरबहादुर मुक्तान, चन्द्रबहादुर स्याङतान, रमाकान्त नेपाल, कमलबहादुर रेग्मी र सुमन थिङलगायत एक दर्जन कार्यकर्ता पुन: नेकपा एमालेमै फर्किएका हुन् । उम्मेदवार बर्तौलाले नवप्रवेशीलाई पार्टीमा स्वागत गर्दै अधुरा काम पूरा गर्न आफूलाई पुन: अवसर दिन आग्रह गरे ।

# ट्रक यातायात व्यवसायी महासंघको नवनेतृत्वलाई सम्मान




साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ नारायणी यातायात व्यवसायी संघले नेपाल ट्रक यातायात व्यवसायी महासंघको नवनिर्वाचित नेतृत्वलाई सम्मान एवम् बधाई ज्ञापन गरेको छ ।

बुधबार संघको कार्यालयमै एक औपचारिक कार्यक्रमको आयोजना गरी ट्रक यातायात व्यवसायी महासंघका नवनिर्वाचित अध्यक्ष राजेन्द्रबिक्रम बानियाँ, महासचिव बद्रीप्रसाद चौलागाई, कोषाध्यक्ष रुमाखर गौतमलगायत कार्यसमितिका सदस्यलाई सम्मान गरेको हो । नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठ, महासचिव सरोज खनालले लगायतले उनीहरुलाई सम्मान गरेका हुन् । कार्यक्रममा नारायणी संघका अध्यक्ष श्रेष्ठले पछिल्लो समय यातायात क्षेत्रमा समस्याहरु बढ्दै गएको बताए । ति समस्याको दीर्घकालीन समाधान गर्न ट्रक व्यवसायीले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गरे ।

ट्रक व्यवसायी महासंघका अध्यक्ष बानियाँले यातायात क्षेत्रको समस्या समाधान गर्न आफूहरु प्रतिबद्ध भएर लाग्ने बताए । महासंघको ८ औं महाधिवेशनबाट आगामी ३ वर्षे कार्यकालको लागि बानियाँको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको थियो । महासंघको वरिष्ठ उपाध्यक्षमा विष्णुप्रसाद न्यौपाने निर्विरोध निर्वाचित हुँदा उपाध्यक्षमा किसान गुरुङ र विद्यापति उपाध्याय घिमिरे निर्वाचित भएका थिए । त्यसैगरी महासचिवमा बद्रीप्रसाद चौलागाईं निर्विरोध निर्वाचित भएका थिए भने उपमहासचिव पदमा मेघराज सिग्देल, सचिव पदमा उमेशचन्द्र मजगैयाँ र गंगाबहादुर खड्का, कोषाध्यक्षमा रुमाखर गौतम, सहकोषाध्यक्षमा सुमन सापकोटा निर्वाचित भएका थिए ।

प्रदेश संयोजकमा कोशी प्रदेशबाट विनोद खड्का, मधेश प्रदेशबाट रामबहादुर दुवाडी, बागमती प्रदेशबाट सूर्यबहादुर श्रेष्ठ, गण्डकी प्रदेशबाट केदारनाथ घिमिरे, लुम्बिनी प्रदेशबाट यामप्रसाद पाण्डे, कर्णाली प्रदेशबाट चेतन थानी र सुदूरपश्चिम प्रदेशबाट मोहनसिंह साउत निर्विरोध निर्वाचित भएका छन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# स्थानीय समस्या समाधान स्थानीयकै नेतृत्वबाट सम्भव: बिजय गौतम

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ नेपाली कम्युनिष्ट पार्टीले मकवानपुरको बकैया गाउँपालिका-८ बस्तिपुरमा आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचारप्रसार कार्यालय उद्घाटन उत्साहजनक रुपमा सम्पन्न भएको छ ।

कार्यक्रममा स्थानीय मतदाताको उल्लेखनीय सहभागिता देखिएको थियो । बिक्रम योन्जन र प्रेमबहादुर गोलेको उपस्थितिमा सम्पन्न कार्यक्रममा ईन्द्रबहादुर दोङले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा सहभागी स्थानीयले बकैया गाउँपालिका स्थानीय उम्मेदवार विजय गौतमलाई चुनाव चिन्ह 'तारा'मा मतदान गरी जिताउने प्रतिबद्धता व्यक्त गरे । उनीहरुले एमाले र कांग्रेसका पुराना नेताले वर्षौंदेखि आश्वासन मात्रै बाँडेको आरोप लगाउँदै, यसअघि जितेका कतिपय नेता गाउँमा नफर्किएको गुनासो गरे ।



अब युवालाई अवसर दिनुपर्ने र व्यक्तिगतरुपमा गौतम उत्कृष्ट उम्मेदवार भएको धारणा सहभागीले राखेका थिए । आफ्नै पालिकाको स्थानीय उम्मेदवार भएकाले जिताउन थप उत्साहित भएको उनीहरुको भनाइ थियो । कार्यक्रमलाई सम्बोधन गर्दै मकवानपुर जिल्ला निर्वाचन क्षेत्र नम्बर-१ बाट नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार गौतमले आफू यहीँ पढेको, हुर्केको र कर्मभूमि यहीँ रहेको उल्लेख गर्दै स्थानीय समस्याको समाधान स्थानीयकै नेतृत्वबाट सम्भव हुने बताए । उनले यो निर्वाचन केवल जित हारको प्रतिस्पर्धा नभई क्षेत्र र देश बदल्ने अभियान भएको भन्दै घरघरमा पुगेर परिवर्तनको सन्देश फैलाउन कार्यकर्तालाई आग्रह गरे ।

कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु', केन्द्रीय सदस्य तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, नेपाली कम्युनिस्ट नेतृ लक्ष्मी माझी 'कृपा', पार्टी बकैया गाउँपालिका संयोजक बिमल नेपाल, अखिल क्रान्तिकारी मकवानपुरका अध्यक्ष बुद्ध अर्याल, प्रेस सेन्टर बागमती प्रदेश अध्यक्ष ध्रुव अधिकारी र बकैया-८ का वडाअध्यक्ष विष्णु नेगी 'विश्वास' लगायतका नेताले पनि सम्बोधन गरे ।

नेताहरुले संगठनलाई टोलटोल र घरघरमा विस्तार गर्दै अभियानलाई तीव्र बनाउने आवश्यकता औंल्याए । उनीहरुले स्थानीय उम्मेदवार गौतमको पक्षमा माहोल बन्दै गएको उल्लेख गर्दै, बाँकी समयलाई अधिकतम सदुपयोग गरेर मतदातासँग प्रत्यक्ष संवाद गर्न कार्यकर्तालाई आह्वान गरे । कार्यक्रममा देखिएको जनसहभागिता र उत्साहले बकैया क्षेत्रमा गौतमको पक्षमा चुनावी माहोल थप बलियो बन्दै गएको संकेत गरेको छ ।

बकैया-७ का स्थानीयले भने 'यसपालि हाम्रो मान्छेलाई जिताउँछौँ'

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा मकवानपुरको बकैया गाउँपालिका-७ भीरकोटमा चुनावी गतिविधि तातेको छ । नेपाली कम्युनिष्ट पार्टीले आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचारप्रसार कार्यालय उद्घाटन कार्यक्रममा उलेख्य संख्यामा स्थानीयको सहभागिता देखियो । ७ नम्बर वडाअध्यक्ष मानबहादुर सिङ्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला कमिटी सदस्य राजेन्द्र घिमिरेले स्वागत गरेका थिए । कार्यक्रममा सहभागी नागरिकले यसपटक बाहिरबाट आउने नेताभन्दा आफ्नै गाउँठाउँमा हुर्किएको उम्मेदवारलाई अघि बढाउने स्पष्ट सन्देश दिएका छन् ।

स्थानीयले विगतका चुनावमा जितेर गएका नेता चुनाव पछि गाउँ नफर्किएको गुनासो गर्दै, राप्रपा, एमाले र कांग्रेसका पुराना नेताले भाषण र आश्वासनबाहेक ठोस काम नगरेको आरोप लगाए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधि सभा मकवानपुर क्षेत्र नम्बर-१ का उम्मेदवार गौतमले राजनीतिलाई केवल सत्ता र कुर्सीको खेलबाट बाहिर निकालेर जनताको जीवनसँग जोड्नुपर्ने बताए । उनले 'यो चुनाव जितहारको मात्रै प्रश्न होइन, बकैया र मकवानपुरको भविष्य कस्तो बनाउने भन्ने निर्णयको घडी हो ।' सबैलाई सक्रियरुपमा मैदानमा उत्रन उनले आह्वान गरे ।

कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, बागमती प्रदेश कमिटी सचिवालय सदस्य लक्ष्मी माझी, जिल्ला कमिटी सदस्य घिमिरे र बकैया गाउँपालिका संयोजक बिमल नेपाललगायतका नेताले विचार राखे । उनीहरुले संगठनलाई गाउँटोलसम्म फैलाउँदै जनतासँग प्रत्यक्ष संवादलाई तीव्र बनाउने रणनीतिमा जोड दिए ।

# जनताका मुद्दामा लागि पर्ने राप्रपा उमेद्वार थोकरको संकल्प



साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का तर्फबाट मकवानपुर क्षेत्र नम्बर २ मा उम्मेदवारी दिएर प्रतिनिधिसभा सदस्यका लागि चुनावीमैदानमा उत्रिएका रामबहादुर थोकरले आफ्नो चुनावीअभियानलाई तीव्र बनाउँदै जनसम्पर्क र भेटघाटलाई व्यापक अघि बढाइरहेका छन् ।

निर्वाचन नजिकिँदै जाँदा उनले गाउँटोल र बस्तीबस्ती पुगेर स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्ने अभियानलाई प्राथमिकतामा राखेका छन् । थोकरले बुधबार मनहरी गाउँपालिका-६, लोथर, नयाँबस्ती, राक्सिराङ गाउँपालिका वडा नम्बर ३ को सरिखेत तथा राक्सिराङ वडा नम्बर ५ को कुतसिङलगायत विभिन्न स्थानमा पुगेर स्थानीयवासीसँग भेटघाट र छलफल गरे । घरआँगनमै पुगेर मतदातासँग कुराकानी गर्दै उनले उनीहरुको दैनिक जीवनका समस्या, गुनासा र अपेक्षाबारे जानकारी लिएका छन् भने प्राप्त सुझावलाई आगामी दिनमा राजनीतिक भूमिकामा समेट्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

आगामी २१ फागुनमा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनमा आफूलाई मतदिन आग्रह गर्दै उम्मेदवार थोकरले आफूले प्राप्त गर्ने प्रत्येक मतको सधैं सम्मान गर्ने बताए । आफू जहिल्यै जनताको मुद्दा बोकेर अघि बढ्ने संकल्पसहित लागिपरेको थोकरले स्पष्ट पारे । उनले राष्ट्रिय प्रजातन्त्र पार्टी विगतदेखि नै देशमा संवैधानिक राजसंस्था स्थापनाका लागि निरन्तर लागिपरेको राजनीतिक शक्ति भएको उल्लेख गर्दै अहिलेको परिस्थितिमा राप्रपा नै मुलुकको वास्तविक वैकल्पिक शक्ति भएको दाबी गरे । उनले देशमा कांग्रेस, कम्युनिष्ट तथा नयाँ राजनीतिक दलहरु सबै गणतन्त्रको पक्षमा उभिएकाले त्यसको विकल्पकारुपमा राप्रपा अघि आएको र आफूहरु राष्ट्र, राष्ट्रियता र परम्परागत मूल्यमान्यताको संरक्षणमा दृढ रहेको घरदैलो तथा भेटघाटका क्रममा मतदातामाझ बताएका छन् ।

उम्मेदवारी दर्ता गरेपछि मतदाताको नजिक पुग्ने, उनीहरुको आवाज प्रत्यक्षरुपमा सुन्ने र जनताका पक्षमा आफूले खेल्नुपर्ने भूमिका इमानदारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धतासहित आफू चुनावी अभियानमा जुटेको थोकरको भनाई छ । दैनिकजसो गाउँ-टोल र बस्तीमा पुगेर मतदाताको घरआँगनमै समय बिताउँदै उनीहरुको कुरा सुन्ने, ती विषयमा गम्भीर रुपमा मनन गर्ने र भोलिका दिनमा सम्भव भएसम्म कार्यान्वयनका लागि प्रतिबद्धता जनाउने कार्यमा अभियान केन्द्रित रहेको उनको प्रचार-प्रसारमा संलग्न संगीन श्रेष्ठले जानकारी दिए ।

चुनावी अभियानअन्तर्गत उम्मेदवार थोकरले हेटौंडा, मकवानपुरगढी, थाहा नगरपालिका र मनहरीलगायत क्षेत्रका विभिन्न स्थानमा घरदैलो गरेका छन् । उनले मकवानपुरगढी-५ सामरी, वडा नम्बर ७ सुकौरा, थाहा नगरपालिका वडा नम्बर २ पालुङ, वडा नम्बर ७ देउरालीभञ्ज्याङ, वडा नम्बर ११ टिष्टुङ तथा नौखण्डे क्षेत्रका विभिन्न बस्तीमा पुगेर स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट तथा छलफल गरेका थिए । यस्तै, हेटौंडा उपमहानगर-१९, मनहरी गाउँपालिका-९ का विभिन्न स्थानमा पनि उनले घरदैलो अभियानमा सहभागिता जनाइसकेका छन् ।

भेटघाटका क्रममा उनले राष्ट्र, राष्ट्रियता र राजसंस्थाको संरक्षणका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीलाई मतदिन आग्रह गर्दै आएका छन् । राष्ट्रियताको जगेर्ना र संरक्षणका लागि राप्रपालाई विजयी गराउन आवश्यक रहेकोमा जोड दिँदै उनले मतदाताको घरआँगनमै पुगेर समर्थनको अपिल गरिरहेका छन् । उनका अनुसार घरदैलो कार्यक्रम केवल प्रचारको माध्यम मात्र नभई जनताको आवाज प्रत्यक्षरुपमा बुझ्ने, उनीहरुको समस्या नजिकबाट जान्ने र त्यसअनुसार नीति तथा कार्यक्रम तय गर्ने महत्वपूर्ण अवसर हो । लामो समयदेखि राजनीतिक यात्रामा सक्रिय रहेका थोकरले विभिन्न उतारचढावपूर्ण अनुभव सँगालेका छन् ।

यही अनुभवका आधारमा उनले मकवानपुर क्षेत्र नम्बर २ का मतदातामाझ आफूलाई जिम्मेवार, परिपक्व र जनउत्तरदायी उम्मेदवारका रुपमा प्रस्तुत गरिरहेका छन् । उम्मेदवार थोकरले बुधबार मकवानपुरको मनहरी-६, सुनाचुरी, खयरघारी निवासी तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका सक्रिय सदस्य प्रेमकुमार जोशीका भाइकी छोरी सुशीला थापा मगरको असामयिक निधन भएकोप्रति गहिरो दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन् । उनले शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गरेका छन् ।

# सुशासनयुक्त समाज निर्माणमा प्रतिवद्ध छु: नेतृ डीना



साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/नेपाली कांग्रेसकी निवर्तमान सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले कांग्रेस भ्रष्टाचारमुक्त र सुशासनयुक्त समाज निर्माणमा प्रतिवद्ध रहेको बताएकी छिन् । उनले कांग्रेस सुधारिएर आएको र देशलाई आर्थिक एवम् सामाजिक रुपमा बदल्ने संकल्प लिएको बताइन् ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ का कांग्रेसका उम्मेदवार उपाध्यायले आसन्न प्रतिनिधिसभा निर्वाचन लक्षित गरी मकवानपुरगढी गाउँपालिका विभिन्न वडामा मंगलबार आयोजना गरेको अगुवा कार्यकर्ता भेटघाट र सम्पर्क कार्यालय स्थापना कार्यक्रममा यस्तो बताइन् । मकवानपुरगढी गाउँपालिकाको वडा नम्बर २, ३ र ४ मा आयोजित कार्यक्रममा कांग्रेस नेतृ उपाध्यायले मतसँगै नेता, कार्यकर्ता र शुभेच्छुकको मन जोड्न आफू उम्मेदवार बनेको बताइन् । युवालाई उत्पादनसँग जोड्नु कांग्रेसको अबको प्रमुख लक्ष्य भएको नेतृ उपाध्यायको भनाई छ ।

रोजगारीको अवसर सिर्जना अबको हाम्रो मूल योजना हुनुपर्छ उनले भनिन्, 'देश संकटमा परेको समयमा सबै एकजुट भएर हिड्नु आवश्यक छ ।' उनले नयाँ नेतृत्व र विचारसहित कांग्रेस जनतामाझ आएको स्पष्ट पारिन् । कांग्रेस मकवानपुरले निर्वाचनको मिति नजिकिएसँगै कार्यकर्ता परिचालन र मतदाताको घरघरसम्म पुग्न वडा तहको कार्यक्रमलाई तीव्रता दिएको छ ।

कार्यक्रममा कांग्रेसका जिल्ला सचिव भीमसेन महत, जिल्ला सदस्य राजकुमार गोले, निर्वाचन परिचालन समितिका सदस्य रीता खनाल, क्षेत्र नम्बर १ का संघीय सभापति दामोदर खनाल, क्षेत्र नम्बर २ का संघीय सचिव बलराम घिमिरे, मकवानपुरगढी गाउँ सभापति राजवीर मुक्तान, वडा नम्बर २ का जिल्ला प्रतिनिधि हरि वाग्ले, वडा नं. ३ का जिल्ला प्रतिनिधि विजय पुडासैनी, वडा नम्बर २ का सभापति रामप्रसाद पुडासैनी, नेपाल महिला संघकी सभापति शान्तिमाया गोले, सर्कलाल लो लगायतले बोलेका थिए ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ४ मा कांग्रेसका जिल्ला प्रतिनिधि एवम् जिल्ला समिति सदस्य राजकुमार गोलेको अध्यक्षतामा, वडा नम्बर ३ मा वडासभापति विजय थोकर लामाको अध्यक्षता र वडा नम्बर २ मा वडा उपसभापति राजेश थापाको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# बकैया-३ मा उज्यालो नेपाल पार्टीको वडाकमिटी गठन

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/बकैया गाउँपालिका-३ मा उज्यालो नेपाल पार्टीको वडाकमिटी गठन भएको छ । कार्यक्रममा मकवानपुर क्षेत्र नं. १ का प्रतिनिधिसभा उम्मेदवार इन्जिनियर सुरेन्द्र लामा (योन्जन) प्रमुख अतिथिकारुपमा उपस्थित थिए ।



कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार लामाले देशको सबैभन्दा अन्धकार पक्ष नै राजनीति भएको उल्लेख गर्दै अब त्यसप्रकारको कालो र अपारदर्शी राजनीतिबाट देशलाई मुक्त गरिनुपर्ने आवश्यकता औंल्याएका छन् । 'देशको अन्धकार र कालो राजनीतिबाट निकास दिन उज्यालो लक्ष्य बोकेको उम्मेदवार र पार्टीको आवश्यकता छ,' उनले भने, 'त्यही जिम्मेवारीका साथ म जनताको बीचमा आएको छु र परिवर्तनका लागि प्रतिबद्ध छु ।' कार्यक्रममा स्थानीयले पनि उज्यालो नेपाल पार्टीका अगुवा कुलमान घिसिङजस्ता नेतृत्वबाट देशको अन्धकार राजनीतिलाई उज्यालो बनाउने अपेक्षा व्यक्त गरे ।

उनीहरुले वर्तमान अवस्थामा देशलाई इमानदार, सक्षम र दूरदर्शी नेताको आवश्यकता रहेको उल्लेख गर्दै स्थानीय उम्मेदवार इन्जिनियर लामा योग्य र सक्षम व्यक्ति भएकाले उनको जित सुनिश्चित रहेको विश्वास व्यक्त गरे ।

स्थानीयवासीले इन्जिनियर लामा निर्वाचित भएपछि जनताको माग र आवश्यकताअनुसार विकासका नीति निर्माण र कार्यान्वयनमा कुनै सम्झौता नगर्नेमा आफूहरु विश्वस्त रहेको बताए ।

विकास, सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेर अघि बढ्ने उम्मेदवारको प्रतिबद्धताले स्थानीय तहमा नयाँ आशा र उत्साह पैदा गरेको उनीहरुको भनाइ थियो । वडाकमिटी गठनसँगै उज्यालो नेपाल पार्टीले बकैया-३ मा संगठन विस्तारलाई थप मजबुत बनाउने र आगामी निर्वाचनमा जनताको भरोसालाई व्यवहारमा उतार्ने तयारी थालेको जनाइएको छ ।

# 'भ्रष्टाचारसँग सम्झौता हुँदैन': राप्रपा उम्मेदवार दीपक सिंह

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले आगामी निर्वाचनलाई लक्षित गर्दै चुनावी भेटघाट तथा जनसम्पर्क अभियानलाई तीव्र पारेको छ ।

यसक्रममा राप्रपाका नेता दीपकबहादुर सिंहले भ्रष्टाचारविरुद्ध कडा चेतावनी दिँदै 'भ्रष्टाचारसँग कुनै हालतमा सम्झौता हुँदैन' भन्ने स्पष्ट सन्देश दिएका छन् । हेटौंडा-४ र हेटौंडा-१३ मा आयोजित भेटघाट कार्यक्रममा सिंहले देशको विकास अवरुद्ध हुनुको मुख्य कारण भ्रष्टाचार भएको उल्लेख गर्दै यसको अन्त्यबिना सुशासन सम्भव नहुने बताए । उनले भने, 'जनताले परिवर्तन चाहेका छन्, भाषण होइन, इमानदार नेतृत्व र काम चाहिन्छ, हामीले यही विषय हृदयंगम गरेका छौं र निर्वाचित भएपछि गरेका कामहरुको सार्वजनिक समेत गरेका छौं । राप्रपा पारदर्शितामा बिश्वास राख्छ । हामी राजनीतिमा धन कमाउन होइन मलामी कमाउन आएको कुरा हाम्रो कार्यशैलीले देखाएको जगजाहेर छ ।'

राप्रपा मकवानपुरका अनुसार पार्टीले प्रत्यक्ष नागरिकसंवाद र स्थानीय भेटघाटलाई प्राथमिकता दिँदै मतदातासँग भावनात्मक सम्बन्ध बलियो बनाइरहेको छ । राप्रपाले राष्ट्र, राष्ट्रियता, सुशासन र भ्रष्टाचार अन्त्यलाई मुख्य एजेन्डा बनाएको स्पष्ट पार्दै जनताको विश्वास नै आफ्नो सबैभन्दा ठूलो शक्ति भएको बताइएको छ । स्थानीयस्तरबाट प्राप्त सकारात्मक प्रतिक्रिया र जनसमर्थनले पार्टी थप उत्साहित भएको राप्रपा मकवानपुरले जनाएको छ ।

# बागमतीमा एचपिभी खोपसम्बन्धी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ बागमती गाउँपालिकामा पाठेघर क्यान्सरबाट जोगाउने एचपिभी खोपसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ । बुधबार गाउँपालिका अध्यक्ष तथा खोप समन्वय समिति संयोजक सर्केश घलानको अध्यक्षतामा भएको कार्यक्रममा खोप अभियानको उद्देश्य, लक्षित समूह, समय तालिका र एचपिभी खोपको महत्वबारे छलफल भएको स्वास्थ्य शाखा अधिकृत योगेश घलानले बताए । पाठेघरको मुखको क्यान्सरको परिचय, कारण, सर्ने माध्यम, बच्ने उपाय तथा उपचारका विधिका बारेमा विस्तृत छलफल गरिएको जनाइएको छ । खोप माघ २५ गतेदेखि फागुन महिनासम्म विद्यालयमा अध्ययन गर्ने र विद्यालय बाहिरका छात्रालाई खोप लगाउने तालिका छ ।

विद्यालय जाने कक्षा ६ का छात्रालाई र गत आर्थिक वर्षमा खोप लगाउन छुटेका ७ कक्षादेखि १० कक्षासम्मका छात्रालाई पनि खोप लगाइनेछ । हाल विद्यालय नजाने १० वर्ष उमेरका किशोरी र गत आर्थिक वर्षमा छुटेका विद्यालय नजाने हाल ११ देखि १४ वर्षसम्मका किशोरीलाई खोप लगाइनेछ ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

"घरघरमा हुलाक, मनमनमा "हुलाक"

नेपाल हुलाकबाट प्राप्त हुँदै आएका तपशिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुर्‍याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१.साधारण चिठी पत्र सेवा**
यो सेवा अन्तरगत साधारण पत्र, दृष्टिविहिनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**
* चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking System (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
* चिठी पुगे/नपुगेको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**
* २ केजीदेखि २० केजिसम्मको सामान पठाउन सकिने
* हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट विक्री सेवा**
* नियमित टिकट विक्री र फिलाटेलिक सेवा

**५. व्यावसायिक सेवा**
**द्रुत डाँक सेवा** (Express mail service EMS)
* छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
* हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था ।
* हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरगतका सेवाहरू)**
१. सूचनाको हक कार्यान्वयनसम्बन्धि अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (Cable) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, सञ्चारकर्मी परिचयपत्र नविकरण ।
४. पत्रपत्रिका दर्ता तथा अंक प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेवापत रकम भुक्तानी र सोको अनुगमन ।

फोन नं. ०१-५३२४११६/११७, Website: www. nepal post.gov.np,
Email ID: admin@nepalpost.gov.np



**बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।**

☞ बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं ।
☞ अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं ।
☞ होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं।
☞ शहर् तथा घना वस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं ।
☞ अनुमति दिँदानै तोकिएको शुल्क प्राप्त गरौं ।
☞ बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं ।
☞ बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं ।
☞ बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं ।

स्थानीय तहको आम्दानी बृद्दि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना